मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## अर्बपति वारेन बफेटले आज ६ अर्ब डलर दान गर्ने

समाचार पृष्ठ ६ मा



● वर्ष ३ ● अंक २२८ ● २०८२ साल असार १७ गते मंगलबार ● Tuesday 01, July 2025 ● सूर्योदय: बिहान ५:१४ बजे ● सूर्यास्त: साँझ ७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## महानगरका सडक फराकिलो बनाउने अभियान शुरु

*मेनरोड हुँदै गण्डक चोकसम्म अतिक्रमण हटाएर दायाबाया २५–२५ मिटर सडक विस्तार सम्पन्न गरिने छ ।*





**राहुल गुप्ता**
**वीरगंज ।**
सर्वोच्च अदालतको आदेशपछि वीरगंज महानगरपालिकाले वर्षौंदेखि अलपत्र परेको वीरगंजको मेनरोडको दायाबाया २५ मिटर क्षेत्रको सडकको अतिक्रमण हटाएर फराकिलो बनाउने अभियान थालेको छ ।

नगरप्रमुख राजेशमान सिंहको अगुवाइमा मेनरोडका दायाबाया २५–२५ मिटर सडकको अतिक्रमण हटाएर फराकिलो बनाउने योजनाअन्तर्गत सोमबार बिहानदेखि वीरगंजको भन्सार क्षेत्रमा नगरप्रहरी परिचालन गरी डोजर चलाएर पक्की घर, घुम्ती पसल, टिकट काउन्टर हटाइएको छ ।

विगतमा अदालतले रोक लगाउँदा थाँती रहेको सडक विस्तारको काम हालै सर्वोच्च अदालतले अनुमति दिएपछि पुनः सक्रिय भएको हो । नगरप्रमुख सिंहका अनुसार अदालतको आदेशपश्चात् घरधनीलाई ३० दिनभित्र घरटहरा हटाउन सूचना दिइएको थियो । सूचना अवधि सकिएसँगै सोमबारदेखि डोजरसहितको टोलीले भन्सार क्षेत्रदेखि सडक विस्तार कार्य अघि बढाएको हो ।

'सर्वोच्चको आदेश पालना गर्दै हामीले सोमबारदेखि सडक विस्तारको काम थालनी गरेका छौँ,' नगरप्रमुख सिंहले भने, 'मेनरोड हुँदै गण्डक चोकसम्म अतिक्रमण हटाएर दायाबाया २५–२५ मिटर सडक विस्तार सम्पन्न गरिने छ ।' महानगरले सडक विस्तारअन्तर्गत अवैध संरचना हटाउने कार्य शुरुगरे सँगै वीरगंजमा फराकिलो सडक बन्ने र ट्राफिक व्यवस्थापन सहज हुने तथा शहरलाई व्यवस्थित र आधुनिक बनाउन टेवा पुग्ने अपेक्षा गरिएको छ ।

सडक विस्तार कार्य अघि बढेसँगै स्थानीयस्तरमा केही विरोधका स्वर उठेका भए पनि अधिकांश नागरिकले सडक विस्तार कदमको समर्थन गरेका छन् । वीरगंजको विकासको मुख्य बाधकको रुपमा रहेको मेनरोडको गण्डकदेखि भन्सारसम्मको साँघुरो सडक विस्तारले वीरगंजको विकासको गन्तव्यलाई अघि बढाउने आशा वीरगंजका आम नागरिकले लिएका छन् ।

## मुख्यमन्त्रीद्वारा मापदण्डअनुसार नचलेका सुधार केन्द्र अनुगमन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहले सोमबार साँझ धनुषाको जनकपुरधाम–८ स्थित नयाँ मुस्कान सुधार केन्द्र र किशोरी फाउन्डेसनको सुधारकेन्द्र अनुगमन गरेका छन् । नयाँ मुस्कान सुधार केन्द्रमा ५० जनासम्म मात्र राख्नसक्ने अवस्था रहेकामा ७५ जना राख्ने स्वीकृति पाएको तर १ सय पाँचजनासम्म राख्ने गरेको पाइएको छ । यस्तै शुल्क लिने कार्य पारदर्शी नरहेको, कोठामा कोचिएर राख्ने गरेको, कोठा व्यवस्थित नरहेको मुख्यमन्त्री सिंहले बताए ।



उनले नयाँ मुस्कान सुधार केन्द्रका सञ्चालकलाई तत्काल सुधार केन्द्र व्यवस्थित गर्न र केन्द्रमा रहेकालाई सुत्ने र बस्ने व्यवस्था राम्रो बनाउन निर्देशन दिए । यस्तै, जनकपुरधामस्थित किशोरी फाउन्डेसनको सुधार केन्द्रमा राखिएकाहरुको पनि अवस्था दयनीय रहेको मुख्यमन्त्री सिंहले बताए । एउटै कोठाभित्र कोचिएर राख्ने गरिएको र खाना गुणस्तरीय नरहेको पाइएको मुख्यमन्त्री सिंहले बताए ।

सुधार केन्द्रका सञ्चालकलाई तत्काल आवश्यक सुधार गरी जानकारी गराउन निर्देशन दिएको उनले बताए । यातनागृह जस्तो नभई सुधार केन्द्रलाई एउटा सभ्य नागरिक उत्पादन गर्ने केन्द्रको रूपमा विकास गर्न र सरकारी मापदण्ड अनुरूप सबै सुविधाको व्यवस्थापन गर्न सञ्चालकहरुलाई सचेत गराइएको सिंहले बताए ।

## बन्द उद्योगको सम्पत्ति मूल्यांकन थालिने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लामो समयदेखि बन्द जनकपुर चुरोट कारखानासहित चार सरकारी उद्योगको सम्पत्ति मूल्याङ्कन गरी बिक्री प्रक्रिया अगाडि बढाउन अर्थ मन्त्रालयले कन्सल्टेन्ट नियुक्तिका लागि आशय पत्र मागेको छ । यो पहल आगामी आर्थिक वर्ष २०८२–८३ को बजेटमा उल्लेख गरिएबमोजिम सार्वजनिक प्रतिष्ठानको व्यवस्थापन गर्ने सरकारको नीतिको पहिलो चरण हो ।

अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाका अनुसार, जनकपुर चुरोट कारखानाको सम्पत्ति मूल्याङ्कनका लागि असार २३ गतेसम्म आशय पत्र पेस गर्ने अन्तिम मिति तोकिएको छ । सोही दिन आशय पत्र खोलिनेछ । योसँगै, बुटवल धागो कारखाना, नेपाल मेटल कम्पनी र नेपाल ओरियन्ट एन्ड म्याग्नेसाइटको सम्पत्ति मूल्याङ्कनका लागि पनि असार २७ गतेसम्म आशय पत्र पेस गर्ने समय दिइएको छ ।

वैशाख १५ गतेको मन्त्रिपरिषद् बैठकले जनकपुर चुरोट कारखाना लिमिटेड, गोरखकाली रबर उद्योग लिमिटेड, उदयपुर सिमेन्ट उद्योग लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, हेटौँडा सिमेन्ट उद्योग लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड र नेपाल ओरियन्ट म्याग्नेसाइटसहित सात रुग्ण उद्योगको सरकारी लगानी व्यवस्थापन गर्ने निर्णय गरेको थियो । यस निर्णयपश्चात्, अर्थ मन्त्रालयले सेवन्तक पोखरेलको संयोजकत्वमा समिति गठन गरी यी उद्योगहरूको विस्तृत अध्ययन गरिरहेको छ । अर्थ मन्त्रालयले परामर्शदाता नियुक्त गरेपछि यी बन्द उद्योगहरूको वास्तविक सम्पत्ति मूल्याङ्कन हुनेछ, जसले बिक्री प्रक्रियालाई थप सहज बनाउने अपेक्षा गरिएको छ ।

## ३६ करोडको रासायनिक मल बिक्री

**धनुषा ।**
कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम शाखाले चालु आर्थिक वर्ष २०८१–८२ को हालसम्म ३६ करोड ३९ लाख ६३ हजार रुपैयाँको रासायनिक मल बिक्री वितरण गरेको छ । कम्पनीका अनुसार हालसम्म १४ करोड ३० लाख २२ हजार रुपैयाँको युरिया, २२ करोड २४ लाख ६५ हजार रुपैयाँको डिएपी र ८४ लाख ७५ हजार रुपैयाँको पोटास बिक्री वितरण गरेको कार्यालयका निमित्त कार्यालय प्रमुख बेचन साहले बताए ।

आर्थिक वर्ष २०८१–८२ देखि हालसम्म कम्पनीले आठ हजार एक सय ७२ मेट्रिकटन युरिया प्राप्त गरेको प्रमुख साहले बताए । यसैगरी डिएपी पाँच हजार दुई सय ५८ मेट्रिकटन र पोटास दुई सय ९७ मेटन प्राप्त भएको छ ।

प्रमुख साहका अनुसार प्राप्त रासायनिक मलबाट कम्पनीले हालसम्म युरिया आठ हजार चार सय आठ दशमलव एक सय ५० मेट्रिकटन, डिएपी चार हजार आठ सय ३५ दशमलव एक सय ५० मेट्रिकटन र पोटास दुई सय ४९ दशमलव दुई सय मेट्रिकटन मलखाद्य बिक्री वितरण गरिएको छ । प्रमुख साहका अनुसार गत वर्षको बाँकी मौज्दात युरिया ९ सय ६२ दशमलव पाँच सय मेट्रिकटन, डिएपी ८३ दशमलव सात सय ५० मेट्रिकटन र पोटास ९८ दशमलव पाँच सय मेट्रिकटन रहेको थियो ।

कार्यालयका अनुसार चालु आर्थिक वर्षमा युरियाप्रति बोरा आठ सय ५० रुपैयाँ ५० पैसा, डिएपी २३ हजार रुपैयाँ र पोटास १७ हजार रुपैयाँ बिक्री मूल्य रहेको छ । कृषि सामग्री कम्पनी लिमिटेड जनकपुर शाखाले धनुषा र महोत्तरीमा दुई सय नौ डिलरमार्फत मल वितरण गर्दै आएको छ । मलखाद्य निर्देशिका, २०७७ बमोजिम प्रत्येक पालिकामा स्थानीय मलखाद्य वितरण व्यवस्थापन समिति छ । उपमेयर वा उपाध्यक्षको प्रमुख संयोजक र सदस्यमा प्रशासकीय अधिकृत, कृषि शाखा प्रमुख कृषि सदस्य सचिव रहेको समितिले रासायनिक मलको दर रेट, कालो बजारी नियन्त्रण, बिक्री वितरण व्यवस्थापन गर्ने जिम्मा लिएको छ । प्रदेश भूमि व्यस्थापन तथा सहकारी मन्त्रालयबाट सम्बन्धित जिल्लामा पर्ने पालिकाले तोकेको कोटा बमोजिम कृषि सामग्री कम्पनी लिमिटेड डिलरमार्फत मलखाद्य दिने गरेको साहले बताए । प्राप्त विवरणअनुसार हालसम्ममा डिएपी मलको कोटा थप गरिने निर्णय भई आउने तरखरमा रहेको प्रमुख साहको भनाइ छ ।

धान, गहुँ मकैका साथै तेलहन बालिका लागि मल बिक्री वितरण गरिएको छ ।

## खाना नलीको हड्डी निकालियो



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
मासु खाने रहर सर्लाहीका जेष्ठ नागरिक रेम्ता महतोका लागि मृत्युको मुखमा पुग्ने मार्ग बन्यो ।

तर समयमा चिकित्सकले उपचार गरेर हड्डी निकालिदिएपछि उनको दैनिकी फेरि सामान्य बनेको छ । जनकपुरका प्रसिद्ध ग्यास्ट्रोलोजिस्ट डा. रामदेव चौधरीको क्लिनिकमा भएको उपचारपछि इन्डोस्कोपीमार्फत खाना नलीमा अड्किएको हड्डी निकालिएको छ ।

चन्द्रनगरका महतोको खानानलीमा अड्किएको हड्डी ४० मिनेट उपचारपछि निकालिएको हो । डा. चौधरी जनकपुरधामका प्रसिद्ध ग्यास्ट्रोलोजिस्ट हुन् ।

## बालकको मृत्युपछि थप तनाव

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा सदरमुकामस्थित प्रादेशिक अस्पतालमा उपचाररत १२ वर्षीय बालकको आइतबार मृत्यु भएपछि अस्पतालमा लापरबाही भएको भन्दै मृतकका आफन्त आन्दोलित बनेका छन् । आक्रोशित स्थानीयले अस्पतालमा तोडफोड प्रयास गरेपछि सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजीत गोइतसहित सात जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । मृतक बालक राजन राम सिरहा नगरपालिका–६ निवासी झबुलाल महराका छोरा हुन् । बिहान अस्पताल भर्ना गरिएका उनलाई शरीरमा रगतको मात्रा न्यून देखिएपछि उपचार थालिएको थियो । तर, दिउँसो नै उनको ज्यान गयो ।

अस्पतालमा लापरबाही भएको आरोप गम्भीर बन्दै जाँदा बालकको उपचार कुन चिकित्सकले गरे भन्ने विषयमा अन्योल देखिएको छ । इमरजेन्सी टिकटमा डा. सुदेशकुमार यादवको नाम उल्लेख भए पनि उनी तालिममा बाहिर रहेको बताइएको छ । डा. सुदेशले भने, 'ड्युटीमा मेरो नाम भए पनि म अस्पतालमै थिइनँ, तालिममा गएको थिएँ ।' अस्पताल विकास समिति अध्यक्ष सोहिन्द्रप्रसाद यादवले भने बालकको चेकजाँच डा. नितिश कर्णले गरेको दाबी गरे । तर, उपचारको प्रेस्क्रिप्सनमा न डा. नितिशको नाम छ, न हस्ताक्षर । पीडित परिवारले लापरबाही गर्ने डाक्टरमाथि कारबाही, अस्पताल सेवा सुधार र मृतक परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् । मृतक बालकको शव अझैसम्म पोष्टमार्टम गरिएको छैन । प्रहरीका अनुसार घटनापछि अस्पतालमा तोडफोडको प्रयास भएपछि वडाध्यक्षसहित सात जनालाई पक्राउ गरिएको हो । प्रहरी प्रवक्ता डिएसपी वीरेन्द्र पासवानले भने, 'अस्पताल प्रशासन र पीडित परिवारबीच सहमति नभएसम्म पक्राउ परेकाहरूलाई छाडिने छैन । सहमति नभए मुद्दा दर्ता हुन्छ ।'



# वार्षिकोत्सवको अवसरमा विविध कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी परिवार महिला संघको २४औं वार्षिक उत्सवको अवसरमा पर्सामा विविध कार्यक्रमहरू सम्पन्न भएका छन् ।

मधेश प्रदेश सशस्त्र प्रहरी परिवार महिला संघको आयोजना र सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हेडक्वाटर पर्साको संयोजनमा वीरगंज महानगरपालिका–१४ स्थित पिपरा पशुपतिनाथ मन्दिर परिसरमा सरसफाइ कार्यक्रम संचालन गरिएको हो ।

यसै अवसरमा जिल्ला रेडक्रस सोसाइटी पर्सासँगको सहकार्यमा नं. १३ गणको परिसरमा एकदिने रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी परिवार महिला संघका सदस्य, सुरक्षाकर्मी तथा सामाजिक संस्थाहरूको सहभागिता रहेको थियो ।

रक्तदान कार्यक्रममा सशस्त्र प्रहरी बल नं.१३ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, रेडक्रस पर्साका अध्यक्ष बृजकिशोर पटेल, ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका जयप्रकाश खेतान, दिलिप कार्की, इन्नोभेटिभ संस्थाका कमल चौगाई, लायन्स क्लब अफ बीरगंजका डी.एन. अग्रवाल तथा एलाईड युथ सोसाइटीका ओमकुमार झा लगायतको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा ४० जनाले स्वेच्छिक रक्तदान गरेका थिए । हाल वीरगंज क्षेत्रमा गर्मीका कारण बिरामीको संख्या बढ्दै गइरहेका बेला रगतको आपूर्तिमा सहयोग पुर्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले बताएका छन् ।

# उत्कृष्ट नतिजा ल्याउने सीमित विद्यार्थी

**मधेशदृष्टि**
**वीरगंज ।**
माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ को नतिजा शुक्रबार राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय सानोठिमीले सार्वजनिक गरेको छ । सार्वजनिक नतिजामा पर्सा जिल्लाबाट सहभागी विद्यार्थीमध्ये यस वर्ष नियमिततर्फ ३२.४९ प्रतिशत र प्राविधिकतर्फ १५.७१ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएका छन् । गत वर्षको तुलनामा उत्तीर्ण हुनेको प्रतिशत केही वृद्धि भए पनि समग्र नतिजा अझै पनि उत्साहजनक छैनन् भन्ने शिक्षा विज्ञहरूको टिप्पणी छ ।

गत वर्ष पर्सामा २७ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएका थिए । यस वर्ष पर्साबाट सामुदायिक विद्यालयतर्फबाट ९ हजार ४० जना र संस्थागत विद्यालयतर्फबाट २ हजार ३ सय ६४ जना विद्यार्थीले एसईईमा सहभागिता जनाएका थिए । पर्सामा यस पटक पनि उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूको संख्या सीमित देखिएको छ । यो परिणामले जिल्लाको शैक्षिक अवस्था सुधार गर्न अझ गहिरो ध्यान दिनुपर्ने आवश्यकता देखाएको छ ।

# नाबालकको कुटपिट गरी हत्या

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा जिल्लाको नितनपुरस्थित तेल तथा आटा उद्योगमा एक नाबालकको कुटपिट गरी हत्या गरिएको भएको छ । गत शनिवार राति १७ वर्षीय पर्सा जिल्ला पोखरिया नगरपालिका वडा नं. १ निवासी गोपी बैठालाई सामान्य विवादका क्रममा बजरंगवली आयल इन्डस्ट्री चक्की फ्रेश आटामा कार्यरत भारतीय मजदुर तथा मुंशीहरूले कुटपिट गरी हत्या गरेको मृतकका भाई कृष्णकुमार बैठाले बताएका छन् ।

घटनापछि ईलाका प्रहरी कार्यालय सिमराले मुंशी दिनेश सिंहसहित तीन जनालाई नियन्त्रणमा लिएको थियो । तर, मुंशी सिंह र एक ड्राइभरलाई सामान्य सोधपुछपछि छाडिएको बताइएको छ । अर्को एक भारतीय मजदुर तेजपाल राठौरलाई भने हिरासतमा राखिएको बुझिएको छ ।

# वित्तीय साक्षरताको महत्वमाथि चर्चा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर–१२ स्थित विद्या सदन माध्यमिक विद्यालयमा सोमबार 'स्टार्ट स्मार्टः आर्थिक रूपमा सुरक्षित जीवन निर्माण' शीर्षकमा विशेष कार्यक्रम सम्पन्न भएको छ ।

कक्षा ९ र १० का ११० जना विद्यार्थीहरूको सहभागिता रहेको कार्यक्रममा वित्तीय साक्षरताको महत्वमाथि चर्चा गरिएको थियो ।

कार्यक्रममा विद्यालयकी निर्देशक उमा गुरुङ, सानिमा बैंक वीरगंज शाखा प्रमुख राजकुमार सोडारी, मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्य तथा मानवसेवा आश्रमका देवेश कुमार लगायतले वित्तीय अनुशासन, सेवाभाव र सकारात्मक सोचको आवश्यकतामाथि प्रकाश पारेका थिए ।

कार्यक्रम अन्तरक्रियात्मक र प्रेरणादायी रहेको सहभागीहरूले बताएका छन् । विद्यालयका प्रधानाध्यापक लालबहादुर गुरुङले यस्ता कार्यक्रमले विद्यार्थीलाई सचेत, आत्मनिर्भर र अनुशासित बनाउन सघाउने विश्वास व्यक्त गरे ।

# वीरगंजमा रास्वपाको हस्ताक्षर अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पार्टी सभापति रवि लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधिएको आरोप लगाउँदै त्यसविरुद्ध वीरगंजमा हस्ताक्षर अभियान शुरु गरेको छ ।

रास्वपाको तेस्रो स्थापना दिवसको अवसरमा देशभर विविध कार्यक्रमहरू आयोजना भइरहेका छन् । वीरगंजमा आयोजना गरिएको उक्त अभियान रास्वपा पर्साका सभापति हरि पन्तको अध्यक्षतामा शुरु गरिएको हो । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य डा. नन्दन यादव, बहुदरमाई नगर सभापति चन्दन यादव, दिलीप कुर्मी, तुल्सा पौडेल, माइकल साप्कोटा, सुदीश प्रजापति, सोनालाल यादव, प्रमोद रायमाझी लगायत नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रमका वक्ताहरूले सभापति लामिछानेमाथि लागाइएको मुद्दा सत्ता पक्षको प्रतिशोधको परिणाम भएको आरोप लगाउँदै 'लुटतन्त्रको खारेजी र सुसंस्कृत राजनीति स्थापनाका लागि सदन र सडक दुवैमा संघर्ष आवश्यक' रहेको बताएका थिए ।

# निकुञ्जभित्र जीप सफारी बन्द



**मधेशदृष्टि**
**वीरगंज ।**
चितवन राष्ट्रिय निकुञ्जले सोमबारदेखि निकुञ्जभित्र जीप सफारी बन्द गरेको छ । निकुञ्जले सूचना जारी गर्दै वन्यजन्तु तथा चराचुरुङ्गीको प्रजनन्को समय भएकाले सोमबारदेखि लागू हुने गरी जीप सफारी बन्द गरेको जनाएको छ । निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार असोजको पहिलो वा दोस्रो सातासम्म जीप सफारी बन्द गरिएको हो । त्यतिबेला ठूलो वर्षा भएमा केही ढिलो खुल्ने भए पनि बर्सात कम भएमा असोजको पहिलो साता सफारी खुल्नेछ । वर्षाको समय जङ्गली जनावरका लागि प्रजननको समय मानिन्छ । मानिसहरू यस समयमा निकुञ्जभित्र प्रवेश गर्दा जङ्गली जनावरको बासस्थान तथा प्रजननमा पनि दख्खल पर्न सक्ने भन्दै निकुञ्जले जीप सफारी बन्द गरेको हो ।

# वर्षाले स्थानीयलाई राहत



**मधेशदृष्टि**
**वीरगंज ।**
केही हप्तादेखि अत्यधिक गर्मीले थलिएको वीरगंजमा सोमबारको वर्षाले स्थानीयवासीलाई ठूलो राहत दिएको छ । चर्को घाम, उच्च तापक्रम र लगातारको उकुसमुकुस गर्मीपछि परेको पानीले वीरगंजमा शीतलता ल्याएको छ । बिहानैदेखि बादल लाग्दै आएको मौसम दिउँसो पानीमा परिणत भएपछि सर्वसाधारणले राहतको सास फेरे । गर्मीबाट आक्रान्त बालबालिका, वृद्धवृद्धा र कामकाजी वर्गका नागरिकहरुले वर्षापछि सहज महसुस गरिरहेका छन् । यसैबीच, खेतबारीका काममा जुटिरहेका किसानहरू सबैभन्दा बढी उत्साहित देखिएका छन् । लामो समयपछि परेको वर्षाले रोपाइँको सिजनमा सिञ्चाइको अभाव झेलिरहेका किसानहरूलाई राहत दिएको हो ।

# दुई ट्रक आपसमा ठोक्किँदा चालक गम्भीर घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जितपुर सिमरा उपमहानगरपालिका–२१ स्थित चुरियामाई मन्दिर नजिकको जंगल क्षेत्रमा दुई ट्रक एक आपसमा ठोक्किँदा एकजना चालक गम्भीर घाइते भएका छन् ।

उक्त दुर्घटनामा घाइते चालकलाई करिब तीन घण्टापछि सुरक्षाकर्मीले सकसपूर्ण तरिकाले उद्धार गरेका छन् । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार हेटौँडाबाट पथलैया जाँदै गरेको ना ७ ख ७३०१ नम्बरको ट्रकलाई सोही दिशा हुँदै गइरहेको ना ६ ख ३७६३ नम्बरको अर्को ट्रकले पछाडिबाट ठक्कर दिँदा दुवै सवारी साधन सडकको छेउमा पल्टिएका थिए ।

दुर्घटनामा ना ६ ख ३७६३ नम्बरको ट्रक चलाइरहेका चितवन भरतपुर उपमहानगरपालिका–१६ निवासी ३५ वर्षीय अरुण श्रेष्ठ घाइते भएका हुन् । श्रेष्ठ ट्रकको स्टेरिङमा च्यापिएर थुनिएका थिए । सशस्त्र प्रहरी बल नेपाल, गण नम्बर १४ मकवानपुरका निरीक्षक अनिल कार्कीको नेतृत्वमा खटिएको टोलीले ट्रकको झ्याल काटेर श्रेष्ठलाई तीन घण्टापछि सकुशल उद्धार गरेको हो ।

सशस्त्र प्रहरीका सह–प्रवक्ता डीएसपी शैलेन्द्र थापाका अनुसार घाइते श्रेष्ठलाई तत्कालै जिल्ला अस्पताल हेटौँडातर्फ उपचारका लागि पठाइएको छ । अर्को ट्रक चालक भने सकुशल छन् । दुवै ट्रकमा चालकबाहेक अन्य व्यक्ति सवार नरहेको प्रहरीको भनाइ छ ।

# चोरी मुद्दाका दुई फरार अभियुक्त कारागार चलान

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्ला प्रहरी कार्यालय सप्तरीले सोमबार अदालतबाट कैद सजाय तोकी फरार रहेका दुई जना अभियुक्तलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले सप्तरी जिल्ला अदालतबाट चोरी मुद्दामा पैm सला भई कैद सजाय तोकिएका दुई जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा चोरी मुद्दाका राजविराज नगरपालिका–१३ का दिपेन्द्र प्रसाद देव र वडा नं. १५ का प्रमोद भन्ने कारी यादव छन् । चोरी मुद्दामा देवलाई सप्तरी जिल्ला अदालतले २७ दिन तथा यादवलाई एक महिना ६ दिन कैद सजाय तोकेको थियो ।अदालतको फैसलापछि फरार रहेका उनीहरुलाई खोजतलासका क्रममा सोमबार नै गाउँघरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।पक्राउ परेकाहरुलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

# पाकेटमारी गरेको आरोपमा एक वृद्ध पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्ला प्रशासन कार्यालयमा विभिन्न कामले आउने सेवाग्राहीको पाकेटमार्दै गर्दा एकजना वृद्ध पक्राउ परेका छन् । सोमबार जिल्ला प्रशासन कार्यालयमा नागरिकता बनाउन लाईनमा बसेका राजगढ गाउँपालिका–६ का जाकिर खाँको पाकेट मार्दै गर्दा सुरुङ्गा नगरपालिका–१ कडेरवोना बस्ने ६६ बर्षीय बहादुर पासवान पक्राउ परेका हुन् । दुई दिन अघि सोही कार्यालयमा नागरिकता बनाउन गएका राजविराज नगरपालिका–२ का चन्देश्वर नौनियाको पनि ५ हजार एक सय रुपैयाँ पाकेटमारी भएको थियो । जिल्ला प्रशासन कार्यालयमा लगाइएको सिसि क्यामेराको दुई दिनअघिको फुटेज हेर्दा नौनियाँको पनि पासवानले नै पाकेटमारी गरेको खुलेको छ ।

दुवैजना पीडितको उजूरीको आधारमा पक्राउ परेका पासवानलाई सोमबार नै आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय पठाइएको प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिए । पक्राउ परेका पासवानलाई नियन्त्रणमा राखि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# राजगढका सुविधा सम्पन्न सभागृह बन्दै



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजगढ गाउँपालिकामा सुविधा सम्पन्न सभागृह निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । आर्थिक वर्ष २०८१÷०८२ मा सभागृह भवनका लागि आवश्यक बजेट विनियोजन गरिएपछि निर्माण कार्यले गति लिएको हो ।

यसैक्रममा सोमबार उक्त सभागृहको छतढलान कार्यको शुभारम्भ गरिएको छ । ढलान कार्यको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले सभागृह नहुँदा विभिन्न कार्यक्रम आयोजना गर्न समस्या भएकाले सुविधा सम्पन्न सभागृह बनाउन लागिएको बताए । दुईसय जना अटाउने क्षमता भएको सभागृहमा क्यान्टिन, खानेपानी, पार्किङ्ग लगायतका सुविधा रहने प्रमुख प्रशासकीय अधिकृत सरोज झाले जानकारी दिए । सो अवसरमा गाउँपालिका उपाध्यक्ष रेणु मण्डल, लेखा अधिकृत लिला कार्की, राष्ट्रिय मुक्ति पार्टीका राजनीतिक समिति सदस्य गजेन्द्र मण्डल, वडाध्यक्ष अशोक साह लगायतको उपस्थिति थियो ।

# वियोगीको कथा सङ्ग्रह 'सत्यम्'को गृह विमोचन

**मधेशदृष्टि**
**स्याङ्जा ।**
लेखक तथा पत्रकार लक्ष्मण वियोगीको कथा सङ्ग्रह 'सत्यम्' को वालिङ, मिर्दीमा विमोचन र विमर्श गरिएको छ । मिर्दीमा एक विशेष कार्यक्रम आयोजना गरिँदा उक्त कृतिको अनावरण गरिएको हो । कार्यक्रमको अध्यक्षता स्याङ्जा साहित्य प्रतिष्ठानका अध्यक्ष कुमार रानाले गरेका थिए । प्रमुख अतिथि पूर्वकृषि मन्त्री त्रिलोचन ढकाल, समालोचक डा. अशोक थापा, समीक्षाक द्वय शान्ता थापा र शम्भु अर्याल लगायत लेखक वियोगीले संयुक्त रूपमा कृतिको विमोचन गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि ढकालले 'साहित्य कल्पना र यथार्थताको संयोजन हो, र यो पक्ष सत्यम्मा पाइन्छ' भन्ने बताएका थिए । उनले वियोगीका कथामा २०५२ देखि २०६२ सालसम्मको माओवादी द्वन्द्वको प्रभावलाई समेटिएको कुरा पनि उल्लेख गरे । समालोचक डा. थापाले भने, 'वियोगीका कथामा पत्रकारिता पेशामा लेख्न नसकेका विषयहरू झल्किएका छन् । उनले असत्यलाई उजागर गर्दै समाजका वर्गीय पीडालाई चित्रित गरेका छन् ।' समीक्षक शान्ता थापाले 'सत्यम्'लाई स्याङ्जाको मौलिक संस्कृति र परिवेशमा आधारित कृति रहेको र पुस्तकको पठन गर्दा आफूलाई भावुक अनुभव भएको बताइन् ।

उनले कृतिको साहित्यिक महत्त्व र वियोगीको लेखन शैलीको सराहना गरिन् । कथाकार वियोगीले कृतिको रचनाको पृष्ठभूमि र प्रेरणा बारे चर्चा गर्दै भने, 'म कथाकार वा लेखक बनुँला÷नबनुँला, सबैभन्दा ठूलो कुरा भनेको मलाई धेरैले सहयोग गर्नुभयो, र यो सहयोगको आधारमा मैले यो कृति तयार पारेको छु ।' उनले थपे, 'सत्यम् मलाई चिनाउन आएको कृति हो, र यसले मलाई चिनाउने काम गरेको छ ।' कार्यक्रमको समापन गर्दै स्याङ्जा साहित्य प्रतिष्ठानका अध्यक्ष रानाले वियोगीको कथाले आफ्नो जन्मभूमि र मौलिकतालाई उजागर गरेको बताएका थिए । वियोगीको 'सत्यम्' कृति पश्चिम नेपाल, विशेषतः स्याङ्जा जिल्लाका भाषिक सौन्दर्य र माओवादी द्वन्द्वका पृष्ठभूमिमा सिर्जित नेपाली समाजका विविध पाटाहरूलाई उजागर गर्दछ । कथामा सामाजिक विभेद, असमानता, जनयुद्धका त्रासदी र पर्यावरणीय चेतसमेत समेटिएका छन् । कृति विमोचनको अवसरमा २५ जना कविहरूले सिर्जना वाचन गरेका थिए ।

लक्ष्मण वियोगी विगत दुई दशकदेखि पत्रकारिता क्षेत्रमा सक्रिय छन् । उनले नेपाल समाचारपत्र, नागरिक दैनिक जस्ता प्रतिष्ठित पत्रिकामा कार्य गरेका छन् र वर्तमानमा 'ऊर्जा खबर' नामक ऊर्जा सम्बन्धी अनलाइन पोर्टलका सम्पादकको रूपमा कार्यरत छन् । साहित्य लेखनमा उनको विशेष रुचि कथा र निबन्ध विधामा रहेको छ । वियोगीको 'कोरोनाको कर्वा' निबन्ध २०७८ सालको 'कविडाँडा राष्ट्रिय निबन्ध प्रतियोगिता' मा प्रथम भएको थियो । साथै, उनको 'टाउको' शीर्षक कथा २०२२ सालको 'डिसहोम बाह्रखरी राष्ट्रव्यापी खुला कथा प्रतियोगिता'को दोस्रो स्थानमा रहि यो कथा पनि 'सत्यम्' सङ्ग्रहमा समावेश गरिएको छ । पेज टर्नर प्रालिले प्रकाशन गरेको यस १५ कथा सङ्ग्रहको बजार मूल्य ४५५ रुपैयाँ रहेको छ । यस प्रकाशनले अहिलेसम्म थुप्रै साहित्यिक कृतिहरू प्रकाशित गरिसकेको छ ।

जनहितमा जारी सन्देश

**"स्थानीय स्रोत, स्थानीय उत्पादन आत्मनिर्भर राष्ट्रको आधार!"**
— आफ्नै गाउँघरमै रोजगारी सिर्जना गरौं, उद्यमशील बनौं।
**"उद्योग खोलौं, स्वरोजगार बनौं!"**
— सरकारी सहयोग, तालिम र सुलभ ऋणको सदुपयोग गरौं।
**"साना उद्योग, ठूलो समृद्धि!"**
— थोरै लगानी, धेरै सम्भावना। आफ्नो क्षमता पहिचान गरौं।
**"हातको सीप, आर्थिक सशक्तिकरणको किल्ली!"**
— सीप सिकौं, उत्पादन गरौं, बजारसम्म पु-याऔं।
**"आफ्नै व्यवसाय, आत्मसम्मानको पहिचान!"**
— स्वरोजगारले मात्र हो हामी समृद्धितर्फको यात्रा तय गर्न सक्छौं।
**"महिलाको हातमा उद्यम — समतामूलक समाजको निर्माण!"**
— महिलालाई प्राविधिक तालिम, बजार पहुँच र वित्तीय पहुँच दिनु सबैको दायित्व।
**"घरेलु उत्पादन प्रयोग गरौं, स्वदेशी उद्योगको संरक्षण गरौं!"**
— Made in Nepal को सम्मान गरौं, आत्मनिर्भर अर्थतन्त्र बनाऔं।
**"श्रम, सीप र सोचको सम्मान गरौं- साना उद्योगलाई प्रोत्साहन गरौं!"**

घरेलु तथा साना उधोग कार्यालय
रौतहट, मधेश प्रदेश नेपाल

# गलत नेतृत्वकै कारण मुलुक जटिल मोडमाः जसपा अध्यक्ष यादव

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुक अहिलेको जटिल अवस्थामा पुर्याउन पछिल्ला ३५ वर्षदेखि शासन गर्दै आएका 'गलत नेतृत्व'लाई दोष दिएका छन् ।

जनकपुरधाममा पार्टीको सूचना, सञ्चार, विज्ञान तथा प्रविधि विभागद्वारा आयोजित दुई दिवसीय आइटी प्रशिक्षण कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै अध्यक्ष यादवले वर्तमान सत्ताका नेतृत्वकर्ताहरूले मुलुकलाई अधोगतितर्फ धकेलेको आरोप लगाए । उनले भने,




'प्रजातन्त्र पुनःस्थापना पछिका तीन दशकभन्दा बढी समयदेखि गलत नेतृत्वले शासन गर्दै आएको छ । जसको परिणामस्वरूप ठूला उद्योगधन्दा बन्द भए, कृषि प्रणाली कमजोर भयो र मुलुक आर्थिक संकटतर्फ धकेलिएको छ ।'

संविधान संशोधनको विषयलाई उदाहरण दिँदै यादवले इतिहासकै बलियो भनिएको वर्तमान सरकारले प्रतिबद्धता जनाए पनि 'संशोधन' शब्दको 'स' समेत उच्चारण नगर्नु दुर्भाग्यपूर्ण रहेको बताए । 'दुई तिहाइ जनसंख्या पछाडि पारेर विकास सम्भव छैन,' यादवले भने, 'पछाडि पारिएका समुदायको स्रोत, साधन र अवसरमा पहुँच नभएसम्म समृद्धिको नारा खोक्रो मात्र हुने छ ।'

कार्यक्रमको अध्यक्षता विभाग प्रमुख जीतेन्द्र कुमार यादवले गरेका थिए । उद्घाटन सत्रमा जसपाका विदेश विभाग प्रमुख अर्जुन थापा, केन्द्रीय कार्यकारिणी सदस्य डा. सुरेन्द्र यादव, मधेश प्रदेश अध्यक्ष बालकिशोर यादवलगायतको उपस्थिति रहेको थियो । दुई दिवसीय प्रशिक्षणमा देशभरबाट आएका ८५ जना प्रशिक्षार्थी सहभागी छन् । जसपाले प्रविधिमैत्री संगठन निर्माण गर्ने उद्देश्यसहित आइटी प्रशिक्षणलाई सुदृढ बनाउँदै लगेको जनाएको छ ।

# पर्सामा लागुऔषधका एक सय १४ मुद्दा दर्ता

**वीरगंज ।**
पर्सामा लागुऔषध ओसारप्रसारका मुद्दा दर्तामा वृद्धि भएको छ । चालु आर्थिक वर्षको असार १२ गतेसम्मका अवधिमा जिल्लामा लागुऔषधसम्बन्धित एक सय १४ मुद्दा दर्ता भएका छन् । जिल्लाको एक सय सात किलोमिटर छिमेकीमुलक भारतसँग खुल्ला सीमा जोडिएकाले पनि लागुऔषधको तस्करीसम्बन्धित गतिविधि बढेको जनाइएको छ । पर्साका प्रहरी प्रमुख गौतम मिश्रले चालु आर्थिक वर्षको असार १२ गतेसम्म लागुऔषध कारोबारमा संलग्न रहेको जनाउँदै स्वदेशी तथा विदेशी गरेर एक सय ५१ जनालाई पक्राउ गरेको जानकारी दिए । 'लागुऔषधको ओसारपसारमा संलग्न रहेको भन्दै ९८ नेपाली पुरुष र छ जना नेपाली महिला पक्राउ परेका छन्,' उनले भने, 'सोही अवधिमा ४५ विदेशी नागरिक र दुईजना विदेशी महिलासमेत सो कारोबारमा संलग्न रहेको जनाउँदै पक्राउ परेका हुन् ।' जिल्ला प्रहरी कार्यालय पर्साले चालु आवमा एक हजार पाँच सय ६१ किलो गाँजा पक्राउ गरेको छ । त्यस्तै छ सय २५ किलो चरेश बरामद गरेको छ । त्यस्तै तीन सय ८४ ग्राम खैरो हिरोइन र साढे एक किलो अफिम बरामद गरेको छ । त्यस्तै गरी फेनारगन एक हजार चार सय ३३ एम्पुल, डाइजेपाम चार हजार चार सय ९९ एम्पुल, नुरफिन चार हजार चार सय ६४ एम्पुल बरामद गरेको छ । त्यस्तै ट्रामाडोल दुई लाख ८९ हजार दुई सय ७४ ट्याब्लेट बरामद गरेको छ । रासस

# यस वर्ष सिरहामा आँप उत्पादनमा कमी

**सिरहा ।**
सिरहामा यस वर्ष आँप उत्पादनमा गिरावट आएको छ । कृषि ज्ञान केन्द्र सिरहाका अनुसार चालु वर्षमा आँप उत्पादन ५९ हजार ८६६.५ मेट्रिक टनमा सीमित भएको छ । गत वर्ष ९९ हजार दुई सय ३५ मेट्रिक टन उत्पादन भएको थियो । यो अघिल्लो वर्षको तुलनामा झण्डै ४० प्रतिशत कमी रहेको केन्द्रले जनाएको छ । गत वर्ष ९ हजार हेक्टर क्षेत्रफलमा ९९ हजार दुई सय ३५ मेट्रिक टन आँप उत्पादन भएको थियो । तर, यस वर्ष नौ हजार २५ हेक्टर क्षेत्रफलमध्ये आठ हजार आठ सय ९५ हेक्टर मात्र उत्पादनयोग्य रह्यो । यस वर्ष प्रति हेक्टर ६.६३ मेट्रिक टन उत्पादन भएको छ । यो अघिल्लो वर्षको ११.०२ मेट्रिक टन प्रति हेक्टर भन्दा निकै कम हो । केन्द्र सिरहाका सूचना अधिकारी किरण विश्वकर्माका अनुसार आँप उत्पादनमा गिरावट आउनुको मुख्य कारण एक वर्ष प्रशस्त फल लाग्ने र अर्को वर्ष तुलनात्मक रुपमा कम फल लाग्ने प्रकृतिक कारण हो । त्यसैगरी, उत्पादनमा कमी हुनुमा सिँचाइको अभाव, समयमै आवश्यक औषधि उपचार नहुनु, र कीराको प्रकोप जस्ता कारण पनि जिम्मेवार रहेको उनले बताए । उत्पादन घटेपछि बजारमा आँपको आपूर्ति घटेको छ । यसले मूल्यमा सामान्य वृद्धि ल्याएको छ । लगानी अनुसार आम्दानी नहुँदा धेरै किसान निराश भएका छन् । सिरहा जिल्ला आँपको उत्पादनका लागि चर्चित मानिन्छ । उत्पादन घटेसँगै स्थानीय बजार, व्यापारी र फलफूल प्रशोधन केन्द्रमा प्रत्यक्ष असर परेको छ । आँप खेतीको उत्पादन चक्रलाई ध्यानमा राखी दीर्घकालीन नीति आवश्यक रहेको सरोकारवालाको भनाइ छ । सिँचाइ सुविधा, आधुनिक रोग नियन्त्रण प्रविधि, र किसानलाई आँप उत्पादनसम्बन्धी ज्ञानको कमीले प्रत्येक वर्ष उत्पादनमा अस्थिरता देखिन्छ । सरकार तथा स्थानीय निकायले आँप उत्पादनलाई प्रोत्साहन दिने नीति र चिस्यान केन्द्रको व्यवस्था गरेमा किसानको मनोबल उच्च रहनुका साथै जिल्लाको आर्थिक समृद्धिमा पनि ठूलो टेवा पुग्ने विज्ञहको धारणा छ । रासस

# ट्यांकरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**मधेशद्दष्टि**
**वीरगंज ।**
पथलैया–वीरगंज व्यापारिक मार्गअन्तर्गत बाराको जीतपुरमा सोमबार दिउँसो ट्यांकरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा वीरगंज महानगरपालिका–३२ का २० वर्षीय महमद साहिल अंसारी रहेका छन् । वीरगंजबाट सिमरातर्फ आउँदै गरेको ना ६ख २९९२ नम्बरको ट्यांकरले मधेश प्रदेश ०३–०२–०२४प ३९६९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालकको मृत्यु भएको हो । सडक पार गर्ने क्रममा ट्यांकरले मोटरसाइकललाई ठक्कर दिएको प्रत्यक्षदर्शीले बताएका छन् । घटनालगत्तै चालकलाई वीरगंजस्थित नारायणी उपक्षेत्रीय अस्पताल लगिएपनि चिकित्सकले मृत घोषणा गरेका थिए । मोटरसाइकललाई ठक्कर दिने ट्यांकरसहित चालक जीतपुरसिमरा २४ का ३० वर्षीय मेहरमान अंसारीलाई ईलाका प्रहरी कार्यालय सिमराअन्तर्गतको प्रहरी टोलीले नियन्त्रणमा लिएको छ ।

# लहानमा श्रमिक महिलाका लागि भवन निर्माण शुरू

**सिराहा ।**
लहान नगरपालिका–१२ स्थित भोटियाटोलमा श्रमिक महिलाको सशक्तिकरणका लागि 'श्रमिक भवन' निर्माण कार्य शुरू गरिएको छ । महिला श्रमिकको पहिचान, आत्मसम्मान र अधिकार प्रवद्र्धन गर्ने उद्देश्यले निर्माण हुने यो भवनको सोमबार एक समारोहबीच शिलान्यास गरिएको हो । १६ लाख ४४ हजारको लागतमा निर्माण हुन लागेको भवन 'एक्सन एड' नेपाल र दलित जनकल्याण युवा क्लब लहानको साझेदारीमा निर्माण हुनेछ । आगामी डिसेम्बर ३१ सम्म निर्माण सम्पन्न हुने जनाइएको छ । भवनको शिलान्यास लहान नगरप्रमुख महेशप्रसाद चौधरी, वडा नं १२ का वडाध्यक्ष बद्रीनारायण चौधरी तथा क्लबका कार्यकारी निर्देशक विनोद विसुङ्केले संयुक्त रूपमा गरे । कार्यक्रममा दलित



जनकल्याण युवा क्लबका कार्यकारी निर्देशक विनोद विसुङ्केले लहानमा श्रमिक महिलाको उल्लेखनीय उपस्थिति रहेकाले उनीहरूका लागि छुट्टै भवनको आवश्यकता महसुस भएको बताए । 'हिंसारहित वातावरणमा काम गर्न, न्यायोचित ज्यालाको माग गर्न तथा विभिन्न तालिम, गोष्ठी सञ्चालन गर्न यो भवन उपयोगी हुनेछ,' उनले भने । वडाअध्यक्ष बद्रीनारायण चौधरीले श्रमिक महिलाको सुरक्षाको सवालमा वडा कार्यालय तथा नगरपालिकाले संवेदनशीलता देखाउँदै आएको बताए । उनले लहानमा पहिलोपटक श्रमिक महिलाका लागि भवन बन्न लागेकामा खुसी व्यक्त गरे । नगरप्रमुख महेशप्रसाद चौधरीले भविष्यमा यही भवनमा सीपमूलक तालिम, कानुनी साक्षरता कार्यक्रम र महिला नेतृत्व विकासका कार्य सञ्चालन सहज हुने भन्दै नगरपालिका त्यसमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'महिला श्रमिकको हक, सुरक्षा र सशक्तिकरणका लागि लहान नगरपालिका सधैँ प्रतिबद्ध रहन्छ । भविष्यमा पनि यस्ता कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।' कार्यक्रममा उपस्थित श्रमिक महिलाले भवनमा सञ्चालन हुने सीपमूलक तालिमले वैकल्पिक आयआर्जन पनि गर्न सहयोगी हुने विश्वास व्यक्त गरेका छन् । भवन निर्माणका लागि लहान नगरपालिका–१२ स्थित शिव मन्दिर छेउको सार्वजनिक जमिन नगरपालिकाले प्रदान गरेको हो । रासस

# श्रीमतीको हत्या गरी फरार श्रीमान ३ वर्षपछि पक्राउ

**राकेश यादव**
**रौतहट ।**
तीन वर्षअगाडि आफ्नै श्रीमतीको जघन्य हत्या गरी फरार रहेका एक युवकलाई प्रहरीले रौतहटबाट पक्राउ गरेको छ । पक्राउ पर्ने व्यक्ति ईशनाथ नगरपालिका–७ घिउरा गाउँका फैयाद मियाँ मन्सुरी हुन् । उनलाई विशेष सूचनाको आधारमा असार १३ गते पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवम् सूचना अधिकारी डीएसपी दीपककुमार रायले जानकारी दिए । २०७८ साल माघ २६ गते बिहान करिब १०ः४५ बजे ईशनाथ नगरपालिका–४ मठिया टोलस्थित भगाई साहको गहुँको खेतमा एक २० वर्षीया युवतीको शव फेला परेको थियो । प्रारम्भिक अनुसन्धानबाट मृतक महिलाको घाँटी सालले बेरिएको र मुखमा साल कोची हत्या गरिएको पुष्टि भएको थियो । मृतकको पहिचान फैयाद मियाँ मन्सुरीकी श्रीमती चाँदनी मन्सुरीको रूपमा भएको थियो । घटनापछि मन्सुरी फरार थिए । तीन वर्षपछि पक्राउ परेका मन्सुरीलाई रौतहट जिल्ला अदालतबाट म्याद थप गरी प्रहरीले थप अनुसन्धान अघि बढाएको छ । प्रहरीले हत्या गर्ने कारण भने अहिलेसम्म खुलाएको छैन ।

# ढल्केवर–जनकपुर सडकबत्तीको गुणस्तर हेर्न मन्त्री यादवको अनुगमन

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत जनकपुरधाम–ढल्केवर सडकखण्डमा जडान भइरहेका सडक बत्तीको गुणस्तर सुनिश्चित गर्न ऊर्जा, सिचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवले स्थलगत अनुगमन गरेका छन् । सडक बत्तीको गुणस्तर, जडान प्रक्रिया र विद्युत आपूर्तिको अवस्था बारे प्राविधिक टोलीसँग सविस्तार जानकारी लिँदै मन्त्री यादवले कामको प्रगति अवलोकन गरेका हुन् । निरीक्षणको क्रममा उनले निर्माणाधीन पूर्वाधार जनताको करबाट बन्ने भएकाले दीर्घकालीन रूपमा उपयोगी, टिकाउ र भरपर्दो हुनुपर्नेमा विशेष जोड दिए । 'सार्वजनिक हितमा हुने काममा कुनै पनि लापरवाही सह्य हुँदैन,' मन्त्री यादवले भने, 'अनुगमनलाई थप प्रभावकारी बनाउँदै जनगुनासो उठ्न नदिने गरी कामको शैली अघि बढाइनेछ ।' स्थानीय बासिन्दाले मन्त्रीको अनुगमनलाई सकारात्मक रूपमा लिँदै यसले सडक बत्तीको कार्यान्वयनमा पारदर्शिता, गुणस्तर र जनसुरक्षा सुनिश्चित गर्ने विश्वास व्यक्त गरेका छन् ।

# भारतबाट अवैध रूपमा ल्याइएको चोरीको स्कार्पियो बरामद

**मधेशद्दष्टि**
**रौतहट ।**
भारतबाट अवैध रूपमा ल्याइएको चोरीको स्कार्पियो गाडी रौतहट प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटअन्तर्गत इलाका प्रहरी कार्यालय राजपुरको गस्ती टोलीले सोमबार चेकजाँचका क्रममा गाडी बरामद गरेको हो । प्रहरीका अनुसार भारतको विआर ३१ प ०८०७ नम्बर प्लेट राखिएको सेतो रंगको महिन्द्रा स्कार्पियो गाडी राजपुर–३ स्थित सडकखण्डमा शंकास्पद अवस्थामा फेला परेको थियो ।

सो गाडीका सम्बन्धमा कागजात माग्दा केही पनि प्रस्तुत गर्न नसकिएपछि प्रहरीको प्रारम्भिक छानबिनमा उक्त गाडी चोरीको भएको पुष्टि भएको रौतहट प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले जानकारी




दिए । बरामद गाडीको बजार मूल्य करिब २० लाख रुपैयाँ बराबर रहेको र आवश्यक प्रक्रिया पूरा गरी जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपककुमार रायद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।
चोरीको गाडी कसले, कुन बाटो हुँदै नेपाल भित्र्यायो भन्ने विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । सीमावर्ती क्षेत्रमा चोरीका सवारीसाधनको ओसारपसार बढ्दै गएका बेला भएको यो कारवाहीलाई प्रहरीले महत्वपूर्ण सफलता मानेको छ ।

## जनहितमा जारी सन्देश

**"वन संरक्षण, जीवनको रक्षा!"**
— हरियो वन, हाम्रो धन। आउनुहोस्, वन जोगाएर सन्तुलित भविष्य बनाऔं।
**"एक रुख सय गुन!"**
— हरेक काटिएको रुखको सट्टा कम्तीमा दुई रुख रोपौं। वातावरण बचाऔं।
**"वन नास भयो भने बाँच्न गाह्रो हुन्छ!"**
— वन विनाशबाट सुकेको खोला, हराएका बोटबिरुवा र बाढीपहिरोको जोखिम बढ्दछ।
**"वन जनताको, संरक्षण सबैको!"**
— सामुदायिक वन हाम्रो गौरव हो। संरक्षणमा तपाईंको भूमिका अनिवार्य छ।
**"वनको संरक्षण, जलवायु सन्तुलनको मूल उपाय!"**
— प्राकृतिक विपद् न्यून गर्न हरियाली बढाऔं।
**"वन नास होइन, विकाससँगै संरक्षण!"**
— दिगो विकासका लागि वातावरणमैत्री सोच र व्यवहार आवश्यक छ।
**"वन बेचेर होइन, बचाएर समृद्धि खोजौं!"**
— काठभन्दा बढी मूल्यवान् छ वनले दिने स्वच्छ हावा र पानी।

**डिभिजन वन कार्यालय**
**रौतहट, मधेश प्रदेश नेपाल**

## जनहितमा जारी सन्देश

**"स्वास्थ्य नै धन हो**
**नियमित जाँच गरौं, सचेत बनौं!"**
— निःशुल्क स्वास्थ्य सेवा लिन आउनुहोस्, समयमै उपचार गरौं।
**"सरकारी अस्पताल — सबैका लागि सुलभ र भरपर्दो सेवा!"**
— गुणस्तरीय सेवा लिनका लागि प्रदेशिक अस्पताल गौरमा आउनुहोस्।
**"साफ सफा बानी, रोगमुक्त जीवनको आधार!"**
— हात धुनुहोस्, पानी उमालेर खानुहोस्, सधैं सरसफाइमा ध्यान दिनुहोस्।
**"गर्भवती र सुत्केरी महिलाको निःशुल्क जाँच र सेवा — आफ्नो स्वास्थ्यको ख्याल राखौं!"**
— मातृ मृत्युदर घटाउन सुरक्षित सुत्केरी सेवा अपनाऔं।
**"खोप लगाऔं, बच्चालाई सुरक्षित बनाऔं!"**
— सबै बालबालिकालाई समयमा खोप दिनुहोस्। यो तपाईंको कर्तव्य हो।
**"रक्तदान जीवनदान हो!"**
— हरेक स्वस्थ व्यक्तिले वर्षमा कम्तीमा एकपटक रक्तदान गरौं।
**"स्वास्थ्य समस्या लुकाउनु होइन, चिकित्सकसँग सल्लाह गर्नु हो!"**
— समयमै परीक्षण गरौं, रोगको उपचार छिट्टै सम्भव छ।
**"औषधि चिकित्सकको सल्लाह बिना नखाऔं!"**
— स्व–औषधि प्रयोग घातक हुन सक्छ। चिकित्सकको सल्लाह अनुसार मात्र औषधि सेवन गरौं।
**"टिकाउ स्वास्थ्य सेवा हाम्रो प्रतिवद्धता!"**
— प्रदेशिक अस्पताल गौर सधैं तपाईंको सेवामा समर्पित छ।

**प्रादेशिक अस्पताल गौर**
**रौतहट, मधेश प्रदेश नेपाल**

सम्पादकीय

# उच्चशिक्षाको रहर र अभिभावकको दबाब

एसइइ परीक्षाको नतिजा आएको छ । कक्षा ११ र १२ का लागि उच्चशिक्षा अध्ययन गर्ने रहर पूरा गर्न छोराछोरी कलेज भर्नाका लागि हौसिएका छन् । यस्तै, स्थानीय कलेजहरुले पनि धमाधम भर्ना खोलेका छन् र उच्चशिक्षाका रहर पूरा गराउन सकिने भन्दै विद्यार्थी तान्न आकर्षक विज्ञापन गरेका छन्।

गुणस्तरीय अध्ययन गराउन खारिएका कलेजहरुले पनि विद्यार्थी तान्नै पर्ने दबाब छ । किनभने कलेज पढ्ने पुस्ता विस्तारै कम हुँदै गएको छ । गाउँबाट शहर, शहरबाट केन्द्र हुँदै विदेशतिर पढाउने क्रम अब कक्षा ११ बाटै पनि शुरु हुन थालिसकेको छ । उसो त ११ र १२ कक्षा जसोतसो भरियो, त्यो भन्दा माथिका कक्षा बन्दजस्तै हुन थालेको छ । विद्यार्थी यसपछि उच्च शिक्षाका नाममा विदेशिने क्रम बढ्दो छ । देशमा अवसर छैन भन्ने भयले ऋणपान गरेर स्नातक तह विदेशमा पठाउने मोह अभिभावकमा पनि छ।

उसो त छोराछोरीको रहरमा बाधक बन्ने गरेका छन् अभिभावक । छोराछोरी साथीभाइको संगतले एउटा विषयमा अध्ययनमा रुचि राख्छन् । अभिभावक देखासिकी र आफ्नो रहर सन्ततिमा पूरा गर्न उनीहरुले भनेको भन्दा फरक विषयमा भर्ना गराउन दबाब पनि दिन्छन् । यसले सन्ततिको रहर पूरा हुनसक्दैन । उनीअरु असन्तुष्ट हुन्छन् र पढाइ पूरा नहुन सक्ने समस्या बढ्दो छ । यसैले सकेसम्म राम्रोसँग सम्झाएर छोराछोरीले रोजेको विषयमा भविष्य कति भन्ने देखेर, देखाएर र सम्झाएर उनीहरुलाई उच्चशिक्षा अध्ययन गराउन अभिभावकले दबाब होइन, सन्ततिलाई अभिभावकत्व देखाउने बेला हो यो।

अर्कातिर यो एकदम संक्रमणकाल जस्तै उमेर हो सन्ततिको । उनीहरुको बौद्धिक विकास हुने संगत, कलेज र सुविधासँगै अभिभावकको पेरिफेरीमै रहेर उनीहरुलाई पढ्ने वातावरण बनाउन जरुरी छ । अभिभावक आफ्नो जीवनको कमाइ छोराछोरीमा लगानी गरिरहेका हुन्छन्, उनीहरुको भावना अनुसार मदत गर्न र अघि बढ्न उत्प्रेरित गरिरहन सकेनन् भने उच्चस्तरीय कलेज पढेर पनि जीवन बर्बाद हुनसक्छ भन्नेमा अभिभावक र सन्तान गम्भीर बन्न पनि जरुरी छ।

# बालबालिकाको दिमागमा कस्तो सपना रोप्ने ?

*यो वर्ष आमाको तिथिमा सदा झैं केही विशेष गर्ने संकल्प गरेँ । शैक्षिक सहयोगका माध्यमबाट केही जेहन्दार तर गरिब विद्यार्थीका आँखामा शैक्षिक झिलिमिली पार्ने चाहना भयो । मकवानपुरका केही ग्रामीण विद्यालयतिर पाइला चालेँ । ती विद्यालयका आँगनमा बालबालिकासँग एक साधारण प्रश्न सोधेँ, 'ठूलो भएपछि के बन्छौ ?' यो प्रश्न कुनै नयाँ थिएन । युगौंदेखि सोधिँदै आएको, थकाउने खालको प्रश्न थियो । तर, जवाफले भने मलाई शिथिल पारेन, झनै चकित बनायो।*



राजुराम राउत

'१२ पास गरेपछि अमेरिका जान्छु।'
'अष्ट्रेलिया जाँदैछु, दाजु उतै छन्।'
'क्यानाडा राम्रै छ, उतै गएर स्टडी गरौँला।'
'जापान जान सजिलो हुन्छ रे, उतै जान्छु।'

यी बच्चाहरु थिए कक्षा ७, ८ र ९ मा पढिरहेका। कसैले पनि 'डाक्टर', 'इञ्जिनियर', 'साइन्स्टिस्ट', 'वकिल', 'पाइलट' वा 'उद्यमी' बन्ने कुरा गरेनन्। तिनका लागि 'के बन्ने ?' भन्ने प्रश्नको उत्तर 'कहाँ जाने ?' मा परिणत भइसकेको रहेछ । बाल्यकालमै विदेशप्रेमको यस्तो गहिरो संस्कार कसरी बस्यो ? हाम्रो पालामा ठूलो भएपछि के बन्ने भन्ने प्रश्नको उत्तरमा सपनाको झझल्को हुन्थ्यो । कोही रेडियो उध्घोषक बन्ने सपना देख्थे, कोही प्राध्यापक । डाक्टर भन्नेले ज्यान जोगाउने सपना देख्थे, इञ्जिनियर भन्नेले देशको बाटो बनाउने, पुल बनाउने सपना देख्थे। अहिले भने सपना होइन, गन्तव्य मात्र बाँकी छ। गन्तव्यः कतार, मलेसिया, कोरिया, जापान, अमेरिका, अष्ट्रेलिया।

देशको सपनाले होइन, विदेशको भिसाले निद्रा टुट्ने समय आएको छ । 'पढेपछि विदेश जान पाइन्छ' भन्ने सोच अब एउटा आदर्श होइन, न्यूनतम आकांक्षा बनिसकेको छ। यो सोच एक दिनमा बनेन, यसको जरा हाम्रो राजनीतिक, सामाजिक र पारिवारिक प्रणालीभित्र गहिरो गरी गडेको छ। यो सोचको बीउ कतै बाबुआमाको पिँढीबाटै रोपिएको त होइन ? हामीमध्ये धेरैले आफ्ना छोराछोरीलाई बाल्यकालदेखि नै यस्तो सुनाएका छौँ, 'पढ्नु प¥यो, विदेश जान सजिलो हुन्छ।'

बालकले सम्झियो, पढ्नुको लक्ष्य भनेको विदेश हो, नेपालमा केही पनि छैन। विद्यालयले भन्यो, अङ्ग्रेजी राम्रो हुनुपर्छ, आइएलइटिएस, टोफेल दिनु पर्छ। कलेजले सिकायो, पढेर पैसा कमाउन परदेश जानु पर्छ। सरकारी नीति तथा कार्यक्रमले देखाइरहेको छ, देशभित्र रोजगारी छैन, वैदेशिक रोजगार नै सहारा हो । त्यही भएर बालबालिकाका सपना नेपालमै बसेर केही गर्ने भन्ने विचारसम्म आउन पाउँदैन । सपनालाई निर्देशित गरिन्छ, 'बिहीबार आइएलइटिएस तयारी शुरु गर्नुपर्छ, आइतबार टोफेल दिनुपर्छ।'

विसं २०६३ पछि देश लोकतान्त्रिक भए पनि जनताको जीवनको आधारभूत संरचना कहिल्यै सुनिश्चित भएन । शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार सबैजसो क्षेत्रलाई मात्र प्राथमिकताको शासन भयो। देशभित्र अवसर छैन, योजनावद्ध विकास छैन, न त देशमै रहेर जीवनयापन गर्न प्रेरणा दिने नीति नै। बालकको सपना नेता बन्ने हुँदैन, किनकि नेताहरू नै बदनाम छन्। डाक्टर बन्ने सपना पनि कम हुँदैछ, किनकि डाक्टर बन्न खर्च तिर्न नसक्नेहरू छन्।

उद्यमी बन्ने सपना लाजको विषय जस्तै बनेको छ, किनभने सरकारले उद्यमीको सुरक्षाको सट्टा फर्म बन्द गराउने छुट नीति बनाएको छ । देशमा किसान बनाउने कार्यक्रम छैन, किसानलाई बजारको साटो बीउ अनुदान दिने छ। सरकारले केही राहतको नीति ल्यायो र व्यापारीहरु सरकारले बल्ल व्यापार बुझ्न थाल्यो भन्दै थिए, सारा समाज र प्रतिपक्ष सरकारमाथि खनियो । मानौँ राज्यले बाघलाई खानामा मासु हाल्यो । अब, सोच परिवर्तन आवश्यक छ। बालकको दिमागमा फेरि 'नेपालमै केही गर्न सकिन्छ' भन्ने विश्वास जगाउनु छ। विदेश जानु गलत होइन, तर नेपालमा केही सम्भव छैन भन्ने सोच गलत हो। बच्चालाई सिकाउनु पर्छ, नेपालमा पनि डाक्टर चाहिन्छ, नेपालमा पनि इन्जिनियर, शिक्षक, वैज्ञानिक, उद्यमी, कृषि विज्ञ लगायत दक्ष जनशक्ति चाहिन्छ। हामीसँग हिमाल छन्, तर ती पर्वतारोही बिना ओझेलमा छन्। हामीसँग तराई छन्, तर उत्पादन विदेशबाट बीउ झिकेर हुन्छ। हामीसँग जंगल छन्, तर वन विज्ञ चाहिँ विदेशबाट बोलाउनु पर्छ।

अब शिक्षामा पुनर्मूल्याङ्कन गरिनु पर्छ । पाठ्यक्रममा 'देशप्रेम', 'स्थानीय उत्पादन', 'सामाजिक उद्यम' जस्ता विषय अनिवार्य बनाइनुपर्छ । बालबालिकाले गन्तव्यका लागि हैन, योगदानका लागि पढ्नुपर्छ भन्ने बुझाउनु पर्छ । उद्यमशीलतालाई अनिवार्य पाठ्यपुस्तकको विषय बनाइनु पर्छ । १२ कक्षा पार गरेपछि कम्तीमा ५०% युवालाई कसरी व्यवसाय शुरु गर्ने, कसरी सीप सिकाउने भन्ने ज्ञान दिनु जरुरी छ । हरेक विद्यालयमा, अभिभावकलाई आफ्ना सन्तानलाई विदेश केन्द्रित नभई देश केन्द्रित सपना देख्न सहयोग गर्ने तालिम प्रदान गरिनु पर्छ। साथमा, समाजमा बिकेका आफ्नै गाउँको डाक्टर, आफ्नै ठाउँको उद्यमी, गाउँकै प्राध्यापकलाई विद्यालयमा निमन्त्रणा गरी अनुशिक्षण र अनुभव आदानप्रदान गर्ने चलन विकास गर्नुपर्छ । जसले, बालबालिकालाई हौसला प्रदान गरोस्। युवालाई नेपालमै रोजगारी दिनसक्ने उद्यमलाई कर छुट, अनुदान, सीप तालिम र बजारको सुनिश्चितता दिनुपर्छ।

त्यो दिन देख्न पाइयोस् जब बालकलाई फेरि सोध्दा, 'ठूलो भएपछि के बन्छौ ?'

र त्यो बालकले भनोस्, 'नेपालमै बसेर कम्प्युटर इञ्जिनियर बन्छु।'

'गाउँमै अस्पताल खोल्छु।'

'गाउँको आँप जापान पठाउने उद्यम खोल्छु।'

'प्रधानमन्त्री बन्छु, अनि गाउँका सबै स्कुल सुधार्छु।'

यस्तो उत्तर आउन थालेको दिन हाम्रो सामाजिक पुनर्जागरण शुरु हुने छ। देश छोड्नेहरूलाई दोष दिनु हुँदैन । उनीहरूको निर्णय परिस्थिति अनुसारको हो। तर, देशमै बसेर योगदान दिन चाहनेहरूको संख्या घट्दो छ भने त्यो समाज, शिक्षा र नेतृत्व सबैको असफलता हो । अब बालबालिकाको दिमागमा फेरि एउटा सपना रोप्नु छ, सपना जुन गन्तव्यमा सीमित छैन, योगदानमा सीमित छ । सपना, जुन आइएलइटिएसको स्कोरले नापिँदैन, समाजमा पारिएको प्रभावले नापिन्छ। र, त्यसो गर्न सकिने हो भने, भविष्यमा जब फेरि कोही बालकसँग सोधिनेछ,

'ठूलो भएपछि के बन्छौ ?'

ऊ गर्वका साथ भन्नेछ, 'नेपालमै बसेर केही गर्छु।'

हो त, समाजमा आशा र प्रेरणाका हजारौँ कहानी छन्, तर दुर्भाग्यवश नकारात्मक दृश्यहरू मात्र झल्काउने संस्कार बलियो हुँदै गएको छ । डा. सन्दुक रुइत, जुन नामले नेपाल मात्रै होइन, पूरै विश्व उज्यालो भएको छ। तर यो समाजले उनलाई त्यस अनुरूप सम्झन सक्दैन। उनले हजारौँ विपन्न नेपालीको आँखामा ज्योति भरे, सस्तो मूल्यमा दृष्टि फर्काउने प्रविधि विकास गरे । तर यिनको योगदान कहिल्यै नाटकका संवाद वा सामाजिक सञ्जालमा ट्रेन्डिङ बन्न सक्दैन। त्यही समाजमा डा. महावीर पुन, जो नोबेल पुरस्कारका दाबेदार व्यक्ति हुन्, उनको मेहनतलाई हाँसोको विषय बनाउने प्रयास हुन्छ,

'किताब बेच्दै छन् रे !'

हो, उनी किताब बेच्दै छन्, तर सपना बेचिरहेका छैनन्। उनी ज्ञान बेच्दै छन्, नवप्रवर्तनका लागि जनतासँग विश्वास माग्दै छन् । जुन समाज डाक्टरलाई किताब बेच्दा गिज्याउँछ, त्यो समाजले देश बनाउन चाहेका हातमा हत्कडी लगाइरहेको हुन्छ । अब यस्ता हीनताबोधको संस्कार बदल्नु पर्छ। हो डा. पुनका गतिविधिले समाजमा नकारात्मकता छरेको पनि छ, त्यसका छुट्टै विषय बनाउँला तर उनको योगदानलाई समाजले सम्झनै पर्छ । समाजलाई नकारात्मकताबाट जोगाउने जिम्मा सबै सचेत नागरिकको हो । सञ्चारकर्मी, शिक्षक, अभिभावक, अभियन्ता सबैले सकारात्मकताको बीउ छर्ने काम गर्नुपर्छ। अब टाउकोमा किताब बेच्नेलाई हेप्ने होइन, ताली दिनु पर्छ। आँखामा ज्योति हाल्नेका लोकगीत बनाउनु पर्छ। किनभने देश उज्यालो हुन्छ भने त्यही आँखा र किताबबाट हुन्छ । त्यसैले अब यस्ता उदाहरणहरूलाई अग्रभागमा ल्याऔँ, ताकि हाम्रो सन्तानले 'नेपालमा केही छैन'

भन्ने होइन, 'नेपालमै सबै सम्भव छ' भन्ने विश्वास बोकेर हुर्कनुपर्छ।

# साम्बाको पहिलो नेतृत्वमै महिला फुटबलमा अभूतपूर्व सफलता



राजु सिलवाल

नेपाली राष्ट्रिय महिला फुटबल टिमले उज्वेकिस्तानको तासकान्दमा ऐतिहासिक जित हासिल गरेको छ। नेपाली टिमले आफ्नो १००औँ अन्तरराष्ट्रिय फुटबल प्रतिस्पर्धामा लाओसलाई शून्यका विरुद्ध नौ गोलको फराकिलो अन्तरले पराजित गरेर प्रतियोगितामा गर्विलो उपस्थिति जनाएको हो। नेपालले हिजोको खेलमा एकपक्षीय दबाब दिँदै खेलको नतिजा आफ्नो पक्षमा पार्न सफल भएको थियो । अन्तरराष्ट्रिय फुटबल महासङ्घ फिफाको विश्व वरियतामा नेपाल एक सयौँ तथा लाओस १०७औँ स्थानमा रहेका छन्। 'एएफसी ओमन्स एसियाकप क्वालिफायर्स ग्रुप एफ'को पहिलो खेलमै नेपालले हासिल गरेको नतिजाबाट नेपाली महिला टिमले आफ्नो शक्ति प्रदर्शन गरेको छ।

हिजोको खेलमा नेपाली टिमका लागि अनिता बस्नेतले खेलको १२औँ मिनेटमा शुरू गरेको गोल प्रहारको क्रम खेल समाप्तिको समयमा पनि निरन्तर जारी रहेको थियो । पहिलोपटक कप्तानका रुपमा जिम्मेवारी पाएकी सावित्रा भण्डारी 'साम्बा'ले त हिजोको खेलमा गोलको वर्षा नै गरिन्। खेल शुरू भएदेखि नै आक्रामक रुपमा प्रस्तुत साम्बाले पूर्वाद्र्ध अवधिको निर्धारित खेल समाप्त हुनुभन्दा एक मिनेटअघि गोल थपेकी थिइन्। मध्यान्तरपछि खेल शुरू भएको दोस्रो मिनेटमा नै सरु लिम्बूले गोल गरेपछि नेपालले लगातार छ गोल गरेको थियो। यस क्रममा साम्बाले कुल चार गोल गरेकी छिन्भने उनले प्रहार गरेको एक बल लाओसकी खेलाडीको खुट्टामा लागेर आत्मघाती गोलमा परिणत भएको थियो । नेपालका लागि रश्मीकुमारी घिसिङ र अनिता केसीले पनि गोल थपेर नेपाली टिमलाई उत्कृष्ट नतिजा दिलाएका थिए।

नयाँ प्रशिक्षकको पहिलो मिसन

नेपाली राष्ट्रिय महिला फुटबल टिमका मुख्य प्रशिक्षक प्याट्रिक डे विल्डेका लागि नेपालको फुटबल क्षेत्र कुनै नौलो होइन। उनले केही समयअघि काठमाडौँमा सम्पन्न नेपाल सुपर लिग फूटबलमा काठमाडौँ रेजर्स टिमको प्रशिक्षक भई काम गरेका थिए। गत जेठ २२ गते मात्र नेपाली महिला टिमको मुख्य प्रशिक्षकको नियुक्तिपत्र बुझेका उनले चीन, अल्जेरिया, सोमालिया र रुवान्डामा प्रशिक्षकका रुपमा कार्य गरिसकेका छन् । बेल्जियमका प्याट्रिकले नेपाललाई पहिलो खेलमा नै धेरै गोलको अन्तरले जित दिलाएका छन्। उनले नेपाली टिमको कप्तानको परिवर्तन गरेर चुनौती लिएका थिए जुन उपलब्धिमूलक बन्न पुगेको छ।

**पहिलो पटक कप्तान बन्दा**

नेपालदेखि युरोपसम्म परिचय बनाउन सफल खेलाडी साम्बाले विगतदेखि नै उत्कृष्ट खेल प्रदर्शन गर्दै आए तापनि नेपाली राष्ट्रिय टिमको कप्तानको जिम्मेवारी पहिलोपटक पाएकी हुन्। नेपालमा नयाँ मुख्य प्रशिक्षकका रुपमा जिम्मेवारी पाएका प्याट्रिक डे वाइल्डले नेपाल टिममा विगतदेखि नै कप्तानको भूमिका सम्हाल्दै आएकी अन्जिला तुम्बापो सुब्बालाई हिजोको खेलमा जगेडामा राखेपछि साम्बालाई टिमको नेतृत्व गर्ने अवसर प्राप्त भएको हो । हिजोको खेलमा मुख्य प्रशिक्षकले पहिले रेणुका नगरकोटेलाई कप्तानको जिम्मेवारी दिए तापनि पछि उनले निर्णय परिवर्तन गरी साम्बालाई आर्म ब्यान्ड प्रदान गरेर मैदानमा प्रवेश गराएका थिए। नेपालले सन् १९८६ मा पहिलोपटक हङकङसँग अन्तरराष्ट्रिय प्रतिस्पर्धा गर्दा नेपाली टिमको कप्तान रमा सिंह रहेकी थिइन् भने साम्बा ११औँ कप्तान बनेकी हुन्। साम्बाले यसअघिका विभिन्न खेलमा जस्तै हिजोको खेलमा पनि व्यक्तिगत रुपमा उत्कृष्ट खेल प्रदर्शन गर्नाका साथै टिममा नेतृत्वदायी भूमिका निर्वाह गरेकी थिइन् । साथै उनले खेल अवधिभित्र विपक्षी टिमसँग सम्बन्ध सुमधुर राख्न पहल जारी राखेकी थिइन् । प्रतिद्वन्द्वी टिमका खेलाडी मैदानमा लड्नासाथ उठाउन अग्रसर भइहाल्ने उनको स्वभावले खेलमा 'फेयर प्ले'को स्थिति बनाउन मद्दत गर्ने गरेको छ। विगतमा पनि खेलका बेला कुनै असमान्य स्थिति उत्पन्न हुनासाथ साम्बाले लिएको अग्रसरताले वातावरण सुमधुर बनेका कैयौँ उदाहरण छन्।

**मोजाको बलदेखिको यात्रा**

नेपाली महिला राष्ट्रिय फुटबल टिमको नेतृत्व पहिलोपटक सम्हालेकै दिन नेपाली टिमकी आक्रामक 'स्ट्राइकर' सावित्रा भण्डारीले लाओसविरुद्ध पाँच गोल प्रहार गरेर आफ्नो उत्कृष्ट खेल क्षमता प्रदर्शन गरेकी छन्।

लमजुङमा आर्थिक रुपले कमजोर छजना छोराछोरी भएको परिवारमा जन्मेकी सावित्राको बाल्यकाल दाजुहरुसँग मोजाको बल खेलेर बितेको थियो । गाउँमा भलिबल तथा एथ्लेटिक्स खेले पनि घनपोखरा युवा क्लबले नयाँ वर्षको उपलक्ष्यमा आयोजना गरेको महिला फुटबलमा उत्कृष्ट खेल प्रदर्शन गरेपछि रेफ्री शुक्र लामाले उनलाई सशस्त्र प्रहरी बलमा प्रवेश गराई दिएका थिए। त्यसपछि उनको खेलजीवन निरन्तर फस्टाउँदै गएको थियो। दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरको परिचय बनाउन सफल साम्बा हाल फ्रान्सको शीर्ष डिभिजन लिग फुटबल क्लब 'एनाभान गेङगाङप'मा आबद्ध रहेकी छिन्। उनको उच्चकोटीको खेलको प्रशंसा गर्दै गृह जिल्ला लमजुङको मस्र्याङ्दी गाउँपालिकास्थित खुदीबजारमा साम्बा स्तम्भ पनि बनाइएको छ।

**अपार समर्थन**

विश्व नै आज एउटा गाउँका रुपमा परिणत भइरहेको सन्दर्भमा नेपाली नागरिक पनि विभिन्न मुलुकमा रोजगारी, अध्ययन तथा अन्य सिलसिलामा पुगेका छन्। त्यसको प्रत्यक्ष लाभ नेपाली खेलाडीहरुले पाएका छन्। विदेशी भूमिमा प्रतिस्पर्धा गरिरहँदा पनि त्यहाँ रहेका नेपालीको अपार समर्थनले नेपाली खेलाडीको मनोबल उँचो बनाउन सहयोग गर्दै आइरहेको छ । पछिल्लो पटक नेपाली राष्ट्रिय क्रिकेट टिमको स्कटल्यान्ड भ्रमणका बेला हरेक दिनको खेलमा नेपाली दर्शकहरु बाजागाजासहित उपस्थित भएर खेलाडीहरुको उत्साह बढाएका थिए । विदेशमा विभिन्न समयमा भएका फुटबललगायतका खेल प्रतियोगितामा पनि त्यहाँ रहेका नेपालीको उपस्थिति उल्लेखनीय रुपमा हुँदै आइरहेको छ । तासकान्दको बुनयोदकर रङ्गशालामा नेपाल तथा लाओसका राष्ट्रिय महिला फुटबल टिमबीच म्याच भइरहँदा रङ्गशालाका अधिकांश सिटहरु खाली देखिन्थे। त्यस्तो अवस्थामा पनि त्यहाँ नेपाली दर्शकहरु भने राष्ट्रिय झन्डासहित उपस्थित थिए । उनीहरुको सङ्ख्या न्यून भए तापनि उनीहरुले खेल शुरू भएदेखि अन्तिमसम्म खेलाडीको हौसला बढाइरहेका थिए। त्यसले पनि नेपाली टिमलाई खेल जित्न सघाउ गरेको थियो।

**प्रत्यक्ष प्रसारण जरुरी**

नेपालबाट क्रिकेट, फुटबललगायतका खेलहरुमा भाग लिन विदेशमा टिम जाने बित्तिक्कै नेपालमा भएका खेलकुदप्रेमीहरु खेल हेर्न कसरी पाइएला भनी जिज्ञासु हुने गरेका छन्।

एएफसी ओमन्स एसियाकपको छनोट चरणमा नेपालको सहभागिताका लागि तयारी भइरहँदा नै अब खेल कसरी हेर्न पाइएला भनेर दर्शकमाझ अन्योल शुरू भइसकेको थियो। कुन टेलिभिजन च्यानलले लाइभ देखाउला भन्दै कौतुहलता देखाउनेहरु थुप्रै थिए। तर, आइतबार ढिलै भए पनि यो अन्योल कम हुँदै गएको थियो । नेपाल र लाओसबीचको फुटबल खेल प्रत्यक्ष रुपबाट हेर्न तासकान्दको बुनयोदकर रङ्गशालामा फुटबल हेर्न दर्शकहरु न्यून सङ्ख्यामा उपस्थित भए तापनि सामाजिक सञ्जाल युट्युबको माध्यमबाट भने एक लाखभन्दा बढी दर्शकले खेल हेरेका थिए । उज्वेकिस्तान फुटबल एसोसिएसनको युट्युब च्यानलले उक्त रोमाञ्चकारी खेलको प्रत्यक्ष प्रसारण गरेको थियो। तर, प्रसारणको गुणस्तर भने न्यून स्तरको थियो। प्रत्यक्ष प्रसारण भइरहँदा खेलका ताजा विवरणबारे जानकारी गराइने कुनै कमेन्टरी गरिएको थिएन। खेल सञ्चालन भएको कति बेर भयो तथा गोलको पछिल्लो स्थिति अवगत गराउन कुनै 'क्याप्सन' नहालिएकाले फुटबल हेरिरहेकाहरुले प्रतिक्रियामार्फत आफ्नो अन्योलता प्रकट गरिरहेका थिए। अझ दुःखद पक्ष त खेल समाप्त हुनासाथ प्रत्यक्ष प्रसारणको क्रम समाप्त गरेर नेपाली खेलाडीहरुले आफ्नो १००औँ अन्तरराष्ट्रिय प्रतिस्पर्धाको प्रतीकका रुपमा १०० नम्बरको जर्सी प्रदर्शन गरेर मनाएको खुसियाली समेत नदेखाइएकामा नेपाली दर्शकहरुले असन्तुष्टि व्यक्त गरेका थिए।

नेपाली खेलप्रेमीहरुले अत्यन्त चासोका साथ हेर्ने यस प्रकारको महत्वपूर्ण खेलकुद प्रतियोगिताको प्रत्यक्ष प्रसारणका लागि राष्ट्रिय खेलकुद परिषद्, अखिल नेपाल फुटबल सङ्घलगायतका सम्बन्धित निकायले विशेष प्राथमिकता दिनुपर्दछ। बेलाबखत विभिन्न अन्तरराष्ट्रिय टेलिभिजनहरुमार्फत नेपाली दर्शकहरुले यस्ता प्रतियोगिता हेर्ने गरेका छन्भने कुनै प्रतियोगितामा नेपालका टेलिभिजनहरुले पनि प्रत्यक्ष प्रसारण गर्ने गरेका छन् । तर, स्वदेश तथा विदेशमा रहेका नेपालीले समेत हेर्न खोज्ने राष्ट्रिय महत्वका खेलकुद प्रतियोगिताको प्रत्यक्ष प्रसारणका लागि सरकारले नै विशेष चासो लिनुपर्दछ । नेपाल सरकार मातहतको नेपाल टेलिभिजनअन्तर्गत हाल पाँचवटा च्यानल सञ्चालन भइरहे जस्तै खेलकुद च्यानल खोल्न सरकारले प्राथमिकता दिनुपर्दछ।

यस्तै, सरकारी तथा निजी च्यानलहरुमार्फत मुलुकभित्र तथा विभिन्न देशमा हुने गरेका खेलकुद प्रतियोगिताहरुको प्रत्यक्ष प्रसारण गराउन सरकारले नीतिगत व्यवस्था नै गर्नुपर्छ। सूचना तथा सञ्चार प्रविधि मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयको समन्वयमा यस्तो कार्य सहजै हुन सक्दछ । नेपाल टेलिभिजनले छिट्टै प्रसारण शुरू गर्न लागेको एनटिभी वल्ड नामक नयाँ च्यानलबाट पनि विदेशमा बेलाबखत हुने गरेका खेलकुदसम्बन्धी प्रतियोगिताको प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था मिलाउन सके खेलप्रेमी दर्शकहरु लाभान्वित हुने थिए। भारतमा राष्ट्रिय महत्वका खेलकुद कार्यक्रम हुँदा प्रत्यक्ष प्रसारणको सिग्नल सरकारी टेलिभिजन दूरदर्शनलाई अनिवार्य रुपमा दिनुपर्ने व्यवस्था गरिएको छ। भारतमा दूरदर्शन टेलिभिजन तथा अल इन्डिया रेडियो सञ्चालन गरिरहेको प्रसारणसम्बन्धी उच्च निकाय प्रसार भारतीसँग राष्ट्रिय महत्वका खेलकुद कार्यक्रमको अनिवार्य रुपमा साझेदारी गर्न कानुनी रुपमै व्यवस्था रहेको छ।

नेपालले अब दोस्रो खेल श्रीलङ्कासँग खेल्ने कार्यक्रम रहेको छ । तर, श्रीलङ्का भने फिफा वरियतामा नेपालभन्दा ४९ अङ्कले पछाडि अर्थात् १४९औँ स्थानमा रहेकाले नेपालका लागि उक्त खेल पनि सहज हुने अपेक्षा गर्न सकिन्छ। तर, नेपालले तासकान्दमा अन्तिम खेलमा आयोजक मुलुक उज्वेकिस्तानसँग भिडन्त गर्नुपर्ने छ, जुन नेपालका लागि चुनौतीपूर्ण हुने अपेक्षा गरिएको छ । फिफा वरियता क्रममा ५१औँ स्थानमा रहेको उज्वेकिस्तानलाई प्राप्त हुने घरेलु दर्शकको अपार समर्थनलाई पनि नेपाली टिमले सहजतापूर्वक सामना गर्नुपर्नेछ।

एफ समूह विजेता मुलुकको टिम मात्र अर्को वर्ष अष्ट्रेलियामा आयोजना हुने प्रतियोगिताका लागि छनोट हुनेछ। रासस

# रुपन्देही–३ मा उपनिर्वाचन आगामी कात्तिक १७ गते

**रुपन्देही।**
रुपन्देही क्षेत्र नं–३ मा प्रतिनिधिसभा सदस्यको रिक्त पदपूर्तिका लागि आगामी कात्तिक १७ गते उपनिर्वाचन हुने भएको छ । निर्वाचन आयोगले सोमवार प्रेस विज्ञप्ति जारी गर्दै उपनिर्वाचनको मिति तोकेको हो।

रुपन्देही क्षेत्र नं ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य दीपक बोहराको चैत १९ गते निधन भएकाले यहाँ उपनिर्वाचन हुनेभएको छ । विसं २०७९ मङ्सिर ४ गते सम्पन्न आमनिर्वाचनमा बोहरा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई पराजित गर्दै विजयी हुनुभएको थियो।

'प्रतिनिधिसभाको कार्यकाल ६ महिना बढी अवधि बाँकी रहँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ,' भन्ने संविधानको धारा ८४ को उपधारा ७ अनुसार उपनिर्वाचनको मिति तोक्नुपर्ने संवैधानिक एवं कानुनी व्यवस्थाअनुसार चैत १७ गते उपनिर्वाचनको मिति तोकिएको आयोगकी सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

अब रिक्त पदपूर्तिका लागि संविधान र निर्वाचन कानुनअनुसार तय गरिएको उपनिर्वाचन मितिअनुसार आवश्यक प्रक्रिया सञ्चालन हुनेछ।

निर्वाचन आयोगले चाँडै मतदाता नामावली, उम्मेदवारी दर्ता, आचारसंहितालगायतका कार्यतालिका सार्वजनिक गर्ने जनाएको छ।

रुपन्देही निर्वाचन क्षेत्र नं ३ मा सिद्धार्थनगर नगरपालिका र शुद्धोधन गाउँपालिकाको सबै वडासहित बुटवल उपमहानगरपालिका–१४, १५, १६, १७, १८ र १९, ओमसतिया गाउँपालिकाको वडा नं २, मायादेवी गाउँपालिकाको वडा नं ७ र ८, तिलोत्तमा नगपालिका–१३ र १४ तथा सियारी गाउँपालिका–१, २, ३, ६ र ७ रहेको छ।

यसैबीच, निर्वाचन आयोगले अर्को सूचना जारी गर्दै यही असार १७ गतेदेखि अर्को सूचना जारी नभएसम्मका लागि मतदाता नामावली दर्ता स्थगन गरेको जनाएको छ। निर्वाचनको मिति घोषणा भइसकेकाले निर्वाचन प्रक्रियाका लागि मतदाता नामावाली दर्ता नहुने व्यवस्था भएकाले नियमित रूपमा भइरहेको मतदाता नामावली अर्को व्यवस्था नभएसम्मका लागि स्थगन गरिएको भनी विज्ञप्तिमा उल्लेख छ। रासस

# कोशी प्रदेशसभाः प्रतिस्थापन विधेयक टेबुल

**विराटनगर।**
कोशी प्रदेशसभाको सोमवारको बैठकमा 'केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८२ लाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०८२' सदनमा टेबुल भयो।

आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले प्रस्ताव गरेको सो विधेयक सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतले स्वीकृत भइ विधेयकमा छलफल हुनेभएको छ।

छलफलपछि मन्त्री भण्डारीले आजै जवाफ दिने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका उपसचिव गौतमराज अमात्यले जानकारी दिए।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) कोशी प्रदेशसभा संसदीय दलका नेता राजेन्द्रकुमार राईले आफ्नो नेतृत्वमा बनेको प्रदेश सरकारले कुनै बेथितिको काम नगरेको स्पष्ट पारे।

सो समयमा बजेटको आकार ठूलो भएकाले जिल्ला जिल्लामा जाने बजेट पनि ठूलै भएको धारणा राख्दै नेता राईले अहिलेको सरकारले सदनमा प्रस्तुत गरेको तथ्याङ्क र अनुमान गलत छ भने । उनले कानुनसँग नमिल्ने र भविष्यमा प्रभावित पार्न सक्ने योजना तथा नीतिका विषयमा आफू जानकार रहेको प्रष्ट पार्दै सरकारले गैरसरकारी विधेयक र प्रदेशसभा नियमावली विधेयक बजेट अधिवेशनमै छिनोफानो गर्नुपर्ने कुरामा जोड दिए।

त्यसैगरि शुन्य समयमा बोल्दै कोशी प्रदेशसभा सदस्य गोम्बु शेर्पाले धान रोप्ने समयमा किसानले सहज ढङ्गले मल नपाएको र कसैले पाइने हालेमा घण्टौं लाइनमा बस्नुपर्ने बाध्यता कहिलेसम्म किसानले भोग्ने सरकारसँग प्रश्न गरे।

अर्की सदस्य सपना दर्जीले विपद्पछि सरकारले वितरण गर्ने राहत, उद्धार र खोजका निम्ति सरकारले पूर्वतयारी जनस्तरसम्म गर्नुपर्ने ध्यानाकर्षण गराए । उनले यसका लागि स्थानीय सरकार र जनसमुदायसँग सहकार्य गरेर विपद् आउनुअघि पूर्णतयारी भएर बस्नुपर्ने धारणा राखे।

# बाध्यतामा वैदेशिक रोजगारीमा जाने अवस्था अन्त्य गरिनेछः श्रममन्त्री भण्डारी

**काठमाडौँ ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले युवाले देशभित्रै गर्न सक्छु भन्ने दृढ आत्मविश्वास जगाउनुपर्ने बताएका छन ।सोमवार राष्ट्रिय युवा परिषद्वारा आयोजित युवा उद्यमशीलता प्रवर्द्धन सम्मेलनमा मन्त्री भण्डारीले ऊर्जावान् युवा देशको प्रमुख शक्तिस्रोतका रुपमा रहेको बताउँदै उनले स्वदेशमै उद्यमशीलता गर्नुपर्ने बताएका छन ।

उनले बाध्यात्मक वैदेशिक रोजगारलाई आगामी दश वर्षभित्र अन्त्य गर्नका लागि आन्तरिक रोजगार प्रवर्द्धन दशकका रुपमा कार्यक्रम घोषणा गरेको समेत जानकारी दिए । 'वैदेशिक रोजगार स्वेच्छिक हुनुपर्छ, बाध्यमात्मक हुनुहुँदैन, स्वेच्छाले जानेहरुलाई रोक्न सकिँदैन,' उनले भने, 'तर, रोजगारी नपाएर बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारमा जानेहरुलाई देशभित्रै रोजगारको अवसरा सृजना गर्न श्रम मन्त्रालय संरचना र नीतिसहित काम गरिरहेको छ ।'

उनले रोजगारी सृजनाका लागि निजी क्षेत्रसँगको समन्वय, सहकार्य गरी अवसर अवसर सृजना गर्न सरकारले आवश्यक नीतिनियम सुधार गरेर जाने बताए ।

मन्त्री भण्डारीले नेपालीहरु थोरै पैसाका लागि विदेशिनुभन्दा स्वदेशमा नै स्वरोजगार गरेर बस्न उपयुक्त भएको धारणा गरे । उहाँले नेपाली श्रमबजारमा प्रत्येक वर्ष पाँच लाख श्रमशक्ति आउने गरेको जिकिर गर्दै श्रमशक्तिहरुलाई सीप र क्षमता अभिवृद्धि विकास गर्न सके देशभित्रै रोजगारीको अवसरलाई सदुपयोग गर्न सकिने बताए ।रासस

# भन्सार विधेयकमाथि छलफल सकियो

**काठमाडौँ।**
राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिमा 'भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि छलफल भएको छ । समिति सभापति तुलसाकुमारी दहालले सोमवार विधेयकमाथिको छलफल टुङ्गिएको र प्रतिवेदन तयार पारेर जतिसक्दो चाँडो राष्ट्रियसभामा पठाइने जानकारी दिए । आजको बैठकमा विधेयकमा परेका संशोधन प्रस्तावहरुमाथि छलफल भएको थियो।



राष्ट्रियसभामा विधेयकमाथि पाँचवटा एकल तथा संयुक्त संशोधन प्रस्ताव परेका छन् । डा बेदुराम भुसाल, गोमादेवी तिमल्सिना, घनश्याम रिजाल, जयन्तीदेवी राई, मदनकुमारी शाह (गरिमा), राजेन्द्रलक्ष्मी गैरे र सावित्री मल्लले संयुक्त रुपमा संशोधन दर्ता गराएका छन।

त्यसैगरी, सुरेशकुमार आलेमगर, गोपीबहादुर सार्की अछामी, जगप्रसाद शर्मा, तारामान स्वाँर, मायाप्रसाद शर्मा, विष्णुबहादुर विश्वकर्मा र श्रीकृष्णप्रसाद अधिकारीले पनि संयुक्त रुपमा संशोधन राखेका छन।

राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, गोपाल भट्टराई, रुक्मिणी कोइराला र सुमित्रा बिसी तथा पदमबहादुर परियार र विष्णुकुमारी सापकोटा तथा डा अन्जान शाक्यले विधेयकमाथि संशोधन हालेका छन ।

भन्सार जाँचपास प्रक्रियालाई थप प्रविधिमैत्री र सहज बनाउन तथा नेपाल पक्ष राष्ट्र रहेको क्योटो महासन्धि अनुकूल हुनेगरी भन्सार ऐन संशोधन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याइएको हो । नेपाल संशोधित क्योटो महासन्धि सम्झौता र विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौताको पक्ष राष्ट्र हो । यी सम्झौताहरुअनुसार संशोधित क्योटो महासन्धिका प्रावधानहरुमध्ये सामान्य प्रावधानहरु सदस्य भएको तीन वर्षभित्र तथा सङ्क्रमणकालीन मापदण्डहरु पाँच वर्षभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्ने व्यवस्था उल्लेख छ।

त्यसैगरी, व्यापार सहजीकरणका लागि भन्सारसँग सम्बन्धित प्रावधानहरु भन्सार ऐन नियमबाट सम्बोधन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो ।रासस

# देशको विकास र समृद्धिको यात्रा युवा शक्तिको सक्रिय सहभागिताविना सम्भव छैनः मन्त्री भण्डारी

**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले देशको विकास र समृद्धिको यात्रा युवा शक्तिको सक्रिय सहभागिता बिना सम्भव नरहेको बताएका छन ।सोमवार राष्ट्रिय युवा परिषदले यहाँ आयोजना गरेको 'युवा उद्यमशीलता प्रवद्र्धन सम्मेलन' लाई सम्बोधन गर्नुहुँदै मन्त्री भण्डारीले देशको विकास र समृद्धिको यात्रा युवा शक्तिको सक्रिय सहभागिता बिना सम्भव नरहेकाले दक्ष जनशक्ति अभाव अन्त्यका लागि समन्वय गरेर अगाडि बढ्नुपर्ने बताए।

उनले भने, 'नेपालको कूल जनसङ्ख्याको करिब ४२ दशमलव ५६ प्रतिशत हिस्सा युवाहरूले ओगटेको अवस्थामा, देशको विकास र समृद्धिको यात्रा युवाशक्तिको सक्रिय सहभागिताविना सम्भव छैन ।'यसैगरी मन्त्री भण्डारीले युवाहरुको सहभागिता र सक्रियतामानै मुलुकको विकास र समृद्धि निर्भर रहने तथ्यलाई हृदयङ्गम गरी युवाको सर्वाङ्गिण विकास, सशक्तीकरण, उद्यमशिलता प्रवद्र्धन, सीप विकास र रोजगारी मा जोड दिँदै युवा उद्यमशीलतालाई पहिचान गर्ने, क्षमता अभिवृद्धि गर्ने र देशको अर्थतन्त्रलाई स्वाधिन, सबल र प्रतिस्पर्धी बनाउँदै युवाहरूलाई रोजगारदाता बनाउने दिशामा सशक्त योगदान पु¥याउने विश्वास व्यक्त गरे।

प्रविधियुक्त आधुनिक नेपाल निर्माणमा युवाहरूको भूमिका अझ बढी सशक्त एवं नेतृत्वदायी रहनुपर्ने मन्त्री भण्डारीले जोड दिए । उनले दक्ष जनशक्ति अभाव अन्त्यका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालयबीच समन्वय गरेर अगाडि बढ्नुपर्ने बताए । उनले भने, 'सङ्घीय, प्रदेश र स्थानीय तहका सरकारहरूसँग सहकार्य गर्दै नवप्रवर्तन, स्टार्टअप प्रवद्र्धन तथा दीगो उद्यम विकासका लागि हाम्रो मन्त्रालयले नीतिगत सुधारदेखि वित्तीय पहुँच, बजार अभिमुखीकरण र सीप विकासमा जोड दिँदै आइरहेको छ ।' उद्यम सुरु गर्न सजिलो नभएको र पूँजीको अभाव, नीतिगत अवरोध, सीप र मार्गदर्शनको अभाव जस्ता चुनौतीहरू प्रशस्त भएकाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ती सबै चुनौतीहरू समाधान गर्न प्रतिबद्ध रहेको उनले प्रष्ट पारे ।रासस

# विधायिका बलियो हुँदा नै लोकतन्त्र सबल हुन्छः उपसभामुख राणा




**काठमाडौँ।**
उपसभामुख इन्दिरा रानाले प्रजातान्त्रिक व्यवस्थाको मूल आधारका रुपमा रहेको विधायिका बलियो हुँदा नै लोकतन्त्र सबल हुने बताएकी छन।

पूर्वसांसद मञ्चले ६७औँ संसद् दिवसका अवसरमा सोमवार आयोजना गरेको कार्यक्रममा उपसभामुख रानाले जनताबीच संसद्प्रति विश्वास बढाउने काम स्वयं सांसदबाटै सुरु गर्न आग्रह गरे।

'संसद् नागरिकको आवाज, आकाङ्क्षा, विचार र आवश्यकता बोकेको संस्था हो, जसले नीति, कानुन, योजना र अनुगमनमार्फत शासन व्यवस्था गतिशील राख्न महत्वपूर्ण भूमिका खेल्दछ,' उनले भने, 'लोकतन्त्र बलियो बन्नका लागि संसद्लाई बलियो र प्रभावकारी बनाउनुपर्छ।'

संसद्को प्रभावकारिता, पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायीपनालाई सुनिश्चित गर्न संसदीय अभ्यासमा सुधारको आवश्यकता रहेको चर्चा गर्दै उपसभामुख रानाले संसद् प्रभावकारी र जनउत्तरदायी भयो कि भएन भन्ने विषय बहसमा रहेको हुँदा संसद्लाई कसरी जनउत्तरदायी बनाउँदै लैजाने भन्ने चिन्तन गर्न आग्रह गरे । संसद् कमजोर हुँदा जनताका आवाज दबाइने भएकाले संसदीय सर्वोच्चताको पक्षमा उनको जोड थियो। रासस

# पूर्वसांसदका अनुभव संसद्का काम कारबाहीमा जोड्नुपर्छः अध्यक्ष दाहाल



**काठमाडौँ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले पूर्वसांसदमा धेरै अनुभव हुने भएकाले त्यसलाई संसद्को काम कारबाहीमा जोड्नुपर्ने बताएका छन । पूर्वसांसद मञ्चले ६७औँ संसद् दिवसका अवसरमा सोमवार आयोजना गरेको कार्यक्रममा पूर्वसांसदको अनुभवले कानुन पनि राम्रो बन्ने विश्वास व्यक्त गरे । राष्ट्रियसभाले सङ्घीयताको कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गरेर काम गरिरहेको अध्यक्ष दाहालले जानकारी दिए।

संसदमा हुने नीतिगत बहसमा सबै सांसदलाई समान सहभागी गराउनुपर्नेमा पनि उनले जोड दिएका थिए । दलीय स्वार्थभन्दा माथि उठेर सांसदले काम गर्ने वातावरण बनाउन राजनीतिक दलले सहयोग गर्नुपर्ने अध्यक्ष दाहालले बताएका थिए।

मञ्चका अध्यक्ष एवं पूर्वसांसद ओमकार श्रेष्ठले संसद्मा हुनुपर्ने उपस्थिति र बहस हुने वातावरण अन्त्य भएकामा दुःख लागेको बताए । मञ्चका उपाध्यक्षहरू गोविन्दबहादुर शाह, विष्णुबहादुर राउत, रामेश्वरराय यादवलगायतले संसदको भूमिका अझै प्रभावकारी बनाउन सहयोग गरिने प्रतिबद्धता जनाएका थिए।

सो अवसरमा पूर्वसांसद परशुराम मेघी गुरुङले संसद्बाट २०८१ वैशाखदेखि चैतसम्म भएका गतिविधिका बारेमा प्रस्तुती दिएका थियो। विसं २०१६ असार १६ गते जननिर्वाचित संसद्को पहिलो बैठक बसेको सम्झनामा संसद् दिवस मनाउन थालिएको हो । प्रत्येक वर्ष ३० जुनका दिन मनाइने अन्तरराष्ट्रिय संसद् दिवस पनि आजै मनाइएको छ ।रासस

# सर्वोच्चमा सिफारिस न्यायाधीश र न्यायपरिषद् सदस्यको सुनुवाइ सकियो



**काठमाडौँ।**
संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतमा प्रस्तावित तीन न्यायाधीशको सुनुवाइ सम्पन्न गरेको छ । यस्तै न्यायपरिषद्का एक सदस्यको पनि सुनुवाइ सकिएको छ । समितिको सोमवार सिंहदरबारमा भएको बैठकले प्रस्तावित न्यायाधीश शान्तिसिंह थापा र न्यायपरिषद् सदस्य महेश नेपालको सुनुवाइ गरेको हो । समितिले आइतबार सर्वोच्चका लागि प्रस्तावित न्यायाधीश मेघराज पोखरेल र श्रीकान्त पौडेलको सुनुवाइ गरेको थियो । प्रस्तावित न्यायाधीश पदका तीन सदस्य र न्याय परिषद्को प्रस्तावित एक सदस्यसहित चारै जनाको सुनवाइ सम्पन्न भएको र निर्णयभने अर्को बैठकबाट हुने समितिका सहसचवि निर्मलादेवी लामिछाने वस्तीले जानकारी दिए।

सुनुवाइ क्रममा प्रस्तावित न्यायाधीशहरूले योग्यता, क्षमता, रुची, सोच र अवधारणा प्रस्तुत गरेका थिए। उनिहरूले संविधान, कानुनको सीमाभित्र रहेर निष्पक्ष रूपमा न्याय सम्पादन गर्ने प्रतिबद्धता जनाए । यस्तै न्याय परिषद्का सदस्यले आफ्नो योग्यता, कार्यक्षमता, सोच र अवधारणा प्रस्तुत गर्दै संविधान र कानुनको सीमाभित्र रहेर न्यायसम्पादन गरिने विश्वास व्यक्त गरे ।रासस

# नेप्से परिसूचक बढ्यो

**काठमाडौं ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बढेको छ । सोमवार नेप्से परिसूचक नौ दशमलव १९ अङ्कले बढेर दुई हजार ६३१ दशमलव ४८ बिन्दुमा कायम भएको हो ।

आज विभिन्न ३१८ कम्पनीका एक करोड ४१ लाख ७२ हजार ५३५ कित्ता शेयर ६३ हजार ३७१ पटक खरिदबिक्री हुँदा छ अर्ब ३८ करोड ७२ लाख सात हजार १५ रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारमा वित्त समूह शून्य दशमलव ०६, होटल तथा पर्यटन शून्य दशमलव ०३, जलविद्युत् शून्य दशमलव २८ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले घटेको छभने अरु सबै समूहको उपसूचक बढेको छ ।

उत्पादन तथा प्रशोधन समूह सबैभन्दा धेरै एक दशमलव ६३ प्रतिशतले बढेको छ । बैङ्किङ शून्य दशमलव ३८, विकास बैङ्क शून्य दशमलव ७२, लगानी शून्य दशमलव ०२, जीवन बिमा शून्य दशमलव ८२, लघुवित्त शून्य दशमलव ९२, म्युचुअल फन्ड शून्य दशमलव ३६, निर्जीवन बिमा शून्य दशमलव ६१ र व्यापार समूह शून्य दशमलव ७२ प्रतिशतले बढेको छ ।

आजको कारोबारमा राप्ती हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ भने पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ९२ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै साहास ऊर्जा लिमिटेडको रु ३६ करोड ५३ लाख ९८ हजार ४८८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै सिङ्गटी हाइड्रो इनर्जी लिमिटेड सात लाख १५ हजार ९३९ कित्ता खरिदबिक्री भएको छ ।रासस

# चीनको बेइजिङमा नेपालको पर्यटन प्रवर्द्धन

**काठमाडौं ।**
चीनको राजधानी बेइजिङमा नेपालको पर्यटन प्रवर्द्धन गरिएको छ । नेपाल पर्यटन बोर्डले बेइजिङ अन्तरराष्ट्रिय पर्यटन प्रदर्शनी (बीआइटिई) २०२५ मार्फत नेपाल गन्तव्यको प्रवर्द्धन गरेको हो । नेपाल पर्यटक स्वागतका लागि प्रकृति, संस्कृति र साहसिकताको अद्वितीय संयोजनसहित तयार रहेको सन्देश दिइएको छ ।

बेइजिङको चाओयाङ जिल्लास्थित चाइना इन्टरनेशनल एक्जिबिसिङ सम्पन्न तीनदिने प्रदर्शनीका क्रममा बोर्डका वरिष्ठ प्रबन्धक सुमन घिमिरेले नेपाल प्रकृति, संस्कृति, साहसिकता र पाहुना सत्कारको अनुपम संयोजनसहित पर्यटक स्वागतका लागि तयार रहेको बताए । उनले छिमेकी मुलुक चीन नेपालका लागि पहिलेदेखि पर्यटकीय स्रोत मुलुक भएकाले स्वागतका लागि तयार भएको उल्लेख गर्दै नेपालले कला, संस्कृति, होलिडे, बुद्धिजमलगायत विषयलाई पर्यटन प्याकेजमा राखेकोसमेत उल्लेखन गरे ।

२७ जुनदेखि सुरु भएको प्रदर्शनीका क्रममा बोर्डले नेपालको आध्यात्म, सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यलाई सशक्त रुपमा अन्तरराष्ट्रिय मञ्चमा प्रस्तुत गरेको हो । प्रदर्शनीमा आएका पर्यटन व्यवसायी र अवलोकनकर्ताहरूले नेपालको सफ्ट एड्भेन्चर, सांस्कृतिक परिपथ, आध्यात्मिक गन्तव्य तथा छोटो अवधीका विश्राम भ्रमणहरूमा गहिरो चासो देखाएको बोर्डले विज्ञप्तिमार्फत जनाएको छ । नेपालप्रति देखिएँको विशेष आकर्षणलाई प्रतिबिम्बित गर्दै, नेपालको पविलियनलाई 'बेस्ट पपुलारिटी अवार्ड' समेत प्रदान गरिएको थियो ।

बोर्डका अनुसार पहिलो दुई दिन बीटुबी नेटवर्किङ र अन्तिम दिन बीटुसी अन्तरक्रियालाई लक्षित गरी प्रदर्शनी गरिएको थियो । नेपाल पर्यटन बोर्डले प्रदर्शनीको साइडलाइन सत्रमा एक विशेष गन्तव्य प्रस्तुतीका क्रममा चिनियाँ पर्यटन व्यवसायीसँग सहकार्य गर्दै नेपाली भ्रमणलाई 'लाइफटाइम एक्सपेरियन्स' बनाउने सन्देश पनि दिएको छ । नेपाल पविलियन यहाँको समृद्ध सांस्कृतिक र ऐतिहासिक सम्पदा, हिमाली रोमाञ्चक अनुभवहरू तथा विविध पर्यटकीय सम्भावनाहरूलाई आकर्षक शैलीमा चित्रण गरिएको थियो ।

सहभागी निजी पर्यटन व्यवसायीहरूले पनि नेपालका उत्कृष्ट ट्राभल प्याकेजहरू प्रस्तुत गर्दै पर्यटकलाई बहुआयामिक अनुभव दिने क्षमताको बारेमा जानकारी गराएका थिए । बीआईटीई–२०२५ मा नेपालका ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्का, बेइजिङस्थि नेपाली दुतावासका उपनियोग प्रमुख रोशन खनाल, आर्थिक मामिला विभागबाट पार्वती अर्याल तथा अन्य उच्च अधिकारीहरूले नेपाल पविलियन अवलोकन गरेका थिए ।

नेपाली प्रतिनिधिमण्डलले माल्दिभ्स र रुसको सेन्ट पिटर्सबर्गका पर्यटन व्यवसायीसँग द्विपक्षीय पर्यटन प्रवर्द्धनका लागि छलफलसमेत गरेका थिए । बोर्डले आगामी दिनमा यी सम्पर्क र अन्तरक्रियालाई प्रभावकारी कार्यान्वयनमा रुपान्तरण गर्दै बेइजिङलगायत आसपासका सहरहरूबाट नेपाल आउने पर्यटकको सङ्ख्यामा वृद्धि हुने विश्वास लिएको छ ।रासस

# निकुञ्जमा जिप सफारी बन्द

**चितवन ।**
चितवन राष्ट्रिय निकुञ्जले सोमवारदेखि निकुञ्जभित्र जिप सफारी बन्द गरेको छ । निकुञ्जले सूचना जारी गर्दै वन्यजन्तु तथा चराचुरुङ्गीको प्रजननको समय भएकाले आजदेखि लागू हुनेगरी जिप सफारी बन्द गरेको जनाएको छ । निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार असोजको पहिलो वा दोस्रो सातासम्म जिप सफारी बन्द गरिएको हो । त्यतिबेला ठूलो वर्षा भएमा केही ढिलो खुल्ने भए पनि बर्सात कम भएमा असोजको पहिलो साता सफारी खुल्नेछ ।

वर्षाको समय जङ्गली जनावरका लागि प्रजननको समय मानिन्छ । मानिसहरू यस समयमा निकुञ्जभित्र प्रवेश गर्दा जङ्गली जनावरको बासस्थान तथा प्रजननमा पनि दख्खल पर्न सक्ने भन्दै निकुञ्जले जिप सफारी बन्द गरेको हो । मगरका अनुसार बर्खायामको समयमा निकुञ्जको बाटोहरू बिग्रिने तथा बाढी आउने हुँदा पर्यटकहरूको सुरक्षाको समेत मध्यनजर गरिएको हो ।

निकुञ्ज प्रशासनले हरेक वर्ष बाढीको समयमा व्यावसायिक जिप सफारी बन्द गर्ने गरेको छ । निकुञ्जको सौराहा क्षेत्रबाट ३२, कसराबाट २१, मेघौलीबाट ११ र नवलपरासीबाट नौवटा जिपले निकुञ्जभित्र पर्यटक घुमाउने गर्दछन् । निकुञ्जबाहिरका मध्यवर्ती वन क्षेत्रमा जिप सफारी नियमित सञ्चालन हुनेछ । रासस

# कञ्चनपुरमा ४८ प्रतिशत धान रोपाइँ

**कञ्चनपुर ।**
कञ्चनपुरमा हालसम्म ४८ प्रतिशत धान रोपाइँ गरिएको छ । कृषि ज्ञान केन्द्र कञ्चनपुरका सहायक बाली विकास अधिकृत धर्म साउदका अनुसार जिल्लामा ४८ हजार ४१६ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ । जसमध्ये २३ हजार २७८ हेक्टर क्षेत्रफलमा धान रोपिएको छ । वर्षा हुने क्रम जारी भएकाले अबको दुई साताभित्रै धान रोपाइँको कार्य ८० प्रतिशतसम्म सकिने उनले बताए । धानको उत्पादन प्रतिहेक्टर चार मेट्रिक टन रहेको छ । किसानले विशेषगरी सर्जु ५२ जातको धानको खेती बढी गर्दै आएका छन् । त्यसपछि राधा ४, सुख्खा १ र २, बहुगुणी लगात धानको खेती हुने गरेको छ । सिँचाइको सुविधा पुगेका क्षेत्रमा चैते धानखेती हुन थालेकाले धानको उत्पादन प्रतिवर्ष बढ्दो रुपमा रहेको अधिकृत साउदको भनाइ छ ।



वर्षा ढिलो गरी भए पनि सिँचाइको उपलब्धताले किसानले धान रोपाइँको कार्यलाई अगाडि बढाउँदै आएका छन् । महाकाली सिँचाइको सुविधा पुगेका क्षेत्रमा किसानले जेठको अन्तिम सातादेखि नै रोपाइँको कार्य गर्दै आएका छन् । नहर नभएका क्षेत्रमा किसानले असारको पहिलो सातादेखि नै स्यालो ट्युवेल, डिप ट्युवेलबाट सिँचाइ गरी खेत हिल्याएर रोपाइँको कार्य गर्दै आएका हुन् । भीमदत्त नगरपालिका, बेदकोट नगरपालिका, बेलडाँडी गाउँपालिका र बेलौरी नगरपालिकालगायतका केही क्षेत्रमा महाकाली सिँचाइको नहरबाट सिँचाइ सुविधा उपलब्ध छ । अन्य क्षेत्रका किसानले निजी र अनुदानमा जडान गरिएका स्यालो ट्युवेल, डिप ट्युवेलबाट धान रोपाइँका लागि सिँचाइ गर्दै आएका छन् । सिँचाइको सुविधा नपुगेका आकाशेपानीको भरमा रोपाइँ गर्ने किसानले समेत गएरातिदेखि आज बिहानसम्म परेको वर्षाको पानीबाट धान रोपाइँको कार्यलाई अगाडि बढाएका छन् ।

शुक्लाफाँटा नगरपालिका–३ का किसान विलबहादुर चौधरीले पर्याप्त वर्षा नहुँदा स्यालो ट्युवेलको सहायताले खेतमा सिँचाइ गरी धान रोप्ने कार्य गरेको बताए । 'समयमै रासायनिक मल पायौँ,' उनले भने,'अनुदानमा खेतमा स्याले ट्युवेल गाडेका छौँ, त्यसबाटै सिँचाइ गरी धान राप्ने कार्य गरिएको छ ।'

लागत खर्च बढे पनि रोपाइँ समयमै भएकाले धानको उत्पादन बढ्नेमा आशावादी भएको उनको भनाइ छ । धानको बीउबिजन, विषादी, कृषि औजार मेसिनलगायतमा किसानलाई कृषि ज्ञान केन्द्र, पालिकालगायतले आधुनिक तरिकाले खेती गर्नका लागि किसानलाई अनुदान दिने कार्य गर्दै आएका छन् । किसानले हाल स्थानीय जातभन्दा बढी उत्पादन दिने वर्णशङ्कर (हाइब्रिड) जातका धान बढी रोप्ने गरेका छन् ।रासस

# अर्बपति वारेन बफेटले आज ६ अर्ब डलर दान गर्ने

**काठमाडौं ।**
अर्बपति लगानीकर्ता वारेन बफेटले सोमबार आफ्नो कम्पनी बर्कशायर ह्याथवेको ६ अर्ब डलरको शेयर पाँच फाउन्डेसनलाई दान गर्ने भएका छन् । उनले शुक्रबार यस्तो घोषणा गरेका हुन् ।



बफेटले २००६ देखि यी फाउन्डेसनहरूलाई लगभग ६० बिलियन अमेरिकी डलरको शेयरहरू दान गरिसकेका छन् ।

बर्कशायर ह्याथवेसँग गेसियो, डायरी क्विन जस्ता धेरै कम्पनीहरू छन् । यस पटक बफेटले १२.४ मिलियन क्लास बी शेयरहरू दान गर्दै छन्, प्रत्येक शेयर ४८५.६८ को मूल्य हो ।

सबैभन्दा धेरै सेयर बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेशन ट्रस्टलाई दिइनेछ जसमा ९४ लाख शेयर दिइनेछ ।

सुसान थम्पसन बफेट फाउन्डेशनलाई ९,४३,३८४ सेयर र शेरवुड फाउन्डेसन, हावर्ड जी बफेट फाउन्डेशन र नोभो फाउन्डेसनले ९,४३,३८४ सेयर पाउनेछन् ।एजेन्सी

# ट्रम्प र नेतान्याहु विरुद्ध इरानी धार्मिक नेताले जारी गरे फतवा, भने, 'पश्चात्ताप गर्न तयार हुनुहोस्'

**तेहरान, ।**
इरानका सबैभन्दा वरिष्ठ शिया धर्मगुरु ग्रैंड अयातोल्लाह नासेर मकरिम शिराजीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुविरुद्ध धार्मिक फतवा जारी गरेका छन् ।

उनले यी दुई नेतालाई अल्लाहको शत्रु भनेका छन् । साथै, विश्वभरका मुस्लिमहरूलाई एकजुट हुन र यी नेताहरूलाई इरानमाथि आक्रमण गरेकोमा पश्चाताप गर्न बाध्य पार्नु पर्छसमेत भनिएको छ ।

मकरिम शिराजीले आफ्नो फतवामा भने, 'इरानको सर्वोच्च नेता वा कुनै अति वरिष्ठ धार्मिक नेतालाई धम्की दिने कोही पनि मोहरिब, युद्ध अपराधी हुनेछन् ।' फतवा इस्लामिक कानूनको व्याख्या हो । यो मार्जाद्वारा जारी गरिएको छ । मार्जालाई बाह्र इमामी शिया मुस्लिमहरूको सर्वोच्च धार्मिक स्थान भनिन्छ ।

उता, अझै पनि इरानले इजरायलसँगको युद्धविराममा शंका व्यक्त गरेको छ । इरानका चिफ अफ स्टाफ अब्दुलरहिम मौसावीले आइतबार साउदी रक्षामन्त्री प्रिन्स खालिद बिन सलमानसँगको फोन वार्तामा भनेका छन्, 'हामीलाई शत्रु (इजरायल) सँगको युद्धविराममा शंका छ । फेरि पनि आक्रमण भयो भने उचित जवाफ दिनेछौं ।'

इरान अमेरिकासँग आणविक वार्तामा संलग्न हुँदा इजरायलले आक्रमण गरेको र अमेरिकाले समर्थन गरेको मौसवीले बताए । 'यसले देखाउँछ कि यी दुई देशहरूले कुनै पनि अन्तर्राष्ट्रिय नियम र नियमहरू पालना गर्दैनन्' उनले भने । उनले यो पनि भने– 'हामीले युद्ध सुरु गरेका होइनौं, तर हामीले पूर्ण शक्तिका साथ आक्रमणकारीलाई जवाफ दिएका छौं ।' दुवै अधिकारीले रक्षाका साथै धेरै द्विपक्षीय मुद्दाहरूमा पनि कुराकानी गरेका थिए ।

इजरायल र इरानबीच १२ दिनसम्म चलेको युद्धपछि २४ जुनमा युद्धविराम भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेका थिए । यस लडाइमा इरानका ६१० र इजरायलका २८ जनाको ज्यान गएको थियो ।एजेन्सी

# क्लब विश्वकपमा बायर्न म्युनिख र पिएसजी क्वार्टरफाइनलमा

**काठमाडौं ।**
क्लब विश्वकप २०२५ अन्तर्गत युरोपेली पावरहाउस बायर्न म्युनिख र फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । दुवै टोलीले प्रभावशाली प्रदर्शन गर्दै अन्तिम आठमा स्थान बनाएका हुन् ।

जर्मन क्लब बायर्न म्युनिखले ब्राजिलियन क्लब फ्लामेन्गोलाई ४–२ ले पराजित गर्दै क्वार्टरफाइनल यात्रा तय गरेको हो । त्यस्तै, पिएसजीले अमेरिकी क्लब इन्टर मियामीमाथि एकतर्फी दबाब कायम राख्दै ४–० को सहज जित दर्ता गर्यो ।

बायर्न म्युनिखले खेलको सुरुवातदेखि नै दबाब बनाएको थियो । छैटौं मिनेटमै फ्लामेन्गोका एरिक पल्गरले आत्मघाती गोल गरेपछि बायर्नले अग्रता लियो । नवौं मिनेटमा ह्यारी केनले गोल गर्दै बायर्नको अग्रता २–० बनाए । फ्लामेन्गोका जेर्सनले ३३औं मिनेटमा गोल फर्काएर खेलमा फर्किने संकेत दिए पनि, बायर्नका लियोन गोरेत्स्काले ४१औं मिनेटमा तेस्रो गोल गर्दै पुनः दुई गोलको अग्रता दिलाए ।

दोस्रो हाफमा फ्लामेन्गोका जोर्जिन्होले ५४औं मिनेटमा गोल गर्दै खेललाई ३–२ बनाए । तर, ह्यारी केनले ७३औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै बायर्नको ४–२ को जित पक्का गरे ।

पिएसजीले इन्टर मियामीविरुद्ध सुरुवातदेखि नै आक्रामक खेल प्रदर्शन गर्यो । छैटौं मिनेटमा जोआओ नेभ्सले गोल गर्दै अग्रता दिलाए । उनले ३९औं मिनेटमा दोस्रो गोल थप्दै पिएसजीलाई बलियो स्थितिमा पुर्याए ।

४४औं मिनेटमा इन्टर मियामीका टोमास एभिल्सले आत्मघाती गोल गरे भने पहिलो हाफको अतिरिक्त समय (४५ प्लस ३ मिनेट) मा अचरफ हाकिमीले गोल गर्दै पिएसजीलाई ४–० को स्पष्ट अग्रता दिलाए ।

अब क्वार्टरफाइनलमा पिएसजी र बायर्न म्युनिख आमनेसामने हुनेछन्, जसले क्लब विश्वकपको सेमिफाइनल यात्रा तय गर्नेछ ।

# तनहुँ जलविद्युत् आयोजनाको मुख्य बाँध निर्माण हुँदै

**तनहुँ ।**
तनहुँको ऋषिङ गाउँपालिका–१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको मुख्य बाँध निर्माण कार्य धमाधम भइरहेको छ ।

परम्परागत जलाशययुक्त प्रणालीमा आधारित यस आयोजनाले नेपालको जलविद्युत् इतिहासमा पहिलो 'कङ्क्रिट'युक्त बाँध निर्माण कार्य अघि बढाएको हो ।

आयोजनाका अनुसार मुख्य बाँध एक सय ४० मिटर अग्लो हुनेछ । हाल आयोजनास्थलमा बाँधको फाउन्डेसनमाथि औसत १० मिटर उचाइसम्म कङ्क्रिट ब्लकहरू उठाइसकिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । उनले भने, 'बाँध निर्माणको क्रममा मास कङ्क्रिटिङमा तापमान नियन्त्रण अति संवेदनशील हुने भएकाले अत्याधुनिक प्रविधिमार्फत तापमान सन्तुलन गरेर काम गर्ने गरिएको छ ।'

प्रमुख भण्डारीका अनुसार बाँधको संरचना अत्यन्तै जटिल र दीर्घकालीन सुरक्षासँग जोडिएको भएकाले तापमान नियन्त्रणमा विशेष ध्यान दिइएको हो । उनले भने, 'अब बाँधको उचाइ क्रमशः बढाउँदै लगिएको छ, अबको दुई वर्षभित्र क्रङ्क्रिट राख्ने कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।'

प्याकेज–१ अन्त्रतगत बाँध निर्माण र सेती नदी 'डाइभर्सन'को काम पूरा गरी बाँधमा कङ्क्रिट राख्ने कार्य भइरहेको सो आयोजनाले जनाएको छ । प्याकेज–१ को ४२ दशमलव ५ प्रतिशत भौतिक प्रगति हासिल गरिएको छ ।

प्याकेज–१ को निर्माण सोङदा कर्पोरेसन, भियतनाम–कालिका कन्स्ट्रक्सन प्रालि नेपाल, जेभीले गरिरहेको छ । यस प्याकेजअन्तर्गत रिभर डाइभर्सन, स्लोप कटिङ, साइड व्यवस्थापन र दुई ठूला डाइभर्सन टनेल खन्ने कार्य सकिएका कारण भौतिक प्रगति बढेको हो ।

तीनवटा प्याकेजमा निर्माण कार्य धमाधम भइरहेको छ । आयोजनाको समग्रमा ६७ प्रतिशत भौतिक प्रगति भइसकेको सो आयोजनाले जनाएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ ।

यसका लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार–नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

आयोजनाबाट विद्युत् उत्पादन सुरू भएको पहिलो १० वर्षसम्म वार्षिक औसत विद्युत् उत्पादन ५८ करोड ७७ लाख र त्यसपछि ४८ करोड ९९ लाख युनिट उत्पादन हुने अनुमान गरिएको आयोजना प्रमुख भण्डारीले बताए ।

त्यसैगरी, प्याकेज–२ अन्तर्गत योजनाको सुरुङ, विद्युतगृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका संरचना निर्माण गरिएको छ । यस योजनाको निर्माणको जिम्मा सिनो हाइड्रो कर्पोरेसन चीनले पाएको छ ।

त्यसैगरी, प्याकेज–३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका केइसी इन्टरनेसनल लिमिटेड, भारतले गरिरहेको छ ।रासस

# बाँकेका अकुव अहमदको परिवारलाई पाँच लाख क्षतिपूर्ति दिने सरकारको निर्णय

**काठमाडौँ ।**
सरकारले बाँके जिल्ला डुडुवा गाउँपालिका बस्ने अकुव अहमदको परिवारलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति वापत आर्थिक सहायता उपलब्ध गराउने छन ।



यही असार १३ गते बसेको मन्त्रिपरिषद्को निर्णय सोमवार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका पृथ्वीसुब्बा गुरुङले उक्त जानकारी गराएका छन ।
मन्त्री गुरुङका अनुसार सार्वजनिक खरिद निर्णयको संक्षिप्त व्यहोरा समितिको अध्यक्षमा पूर्वसचिव रघुराम विष्ट र सदस्यहरूमा पूर्वसहसचिवहरू रोहितकुमार विसुराल तथा थानेश्वर गौतमलाई नियुक्त गर्ने निर्णय गरेको छ । त्यसैगरी विदेशी विनिमय (नियमित तथा व्यवस्थित गर्ने) विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने र सम्पत्ति व्यवस्थापन विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृति दिइएको छ ।
यही असार ३० गतेदेखि साउन १ गतेसम्म भियतनामको हनोईमा सञ्चालन हुने 'हाई लेवल इन्टररिजनल नलेज एक्सचेन्ज अन वान कन्ट्री वान प्राइरोटि प्रोजेक्ट (ओसिओपी) मोडेल्स्' कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रीलाई सहभागी हुन स्वीकृति दिइएको मन्त्री गुरुङले जानकारी दिए ।उनका अनुसार खानेपानी र सरसफाइ क्षेत्रको महत्त्वपूर्ण प्रगतिलाई दिगो प्रभावमा रूपान्तरण गर्न प्राइम मिनिस्टीरियल कमिट्मेन्ट ः अ नेसनल ट्रान्सफर्मेसन इन, एण्ड थ्रु, वाटर, सेनिटेशन एण्ड हाइजिन' विषयक प्रतिबद्धतामा नेपालको तर्फबाट हस्ताक्षर गर्न सरकारले स्वीकृति दिएको छ ।
सरकारले सहकारी संस्थाहरूको कर्जा असुलीसम्बन्धी मुद्दाको सुरू कारबाही र किनारा गर्न सर्वोच्च अदालतका उपसचिव कृतिबहादुर बस्नेत अध्यक्ष र धनकुटाका वसन्तराज पुरी तथा तनहुँका गोविन्द शर्मा गैरे सदस्य रहेको कर्जा असुली न्यायाधिकरण गठन गर्ने निर्णय गरेको छ । कर्जा असुली न्यायाधिकरणको आव २०८१÷८२ का लागि आवश्यक अधिकृतस्तरका तीन पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने मन्त्री गुरुङले जानकारी दिए ।
साथै, नेपाली सेनाका एक जना सहायक रथीलाई उपरथी दर्जामा बढुवा गर्ने, फ्रान्सको पेरिसमा आयोजना हुने ४७ औँ सत्रको 'अफ द वल्ड हेरिटेज कमिसन' मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई स्वीकृति दिइएको छ ।
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको रिक्त कार्यकारी निर्देशक पदमा रामशरण पुडासैनीलाई नियुक्त गर्ने, प्रत्येक वर्ष असोज १५ गतेका दिनलाई राष्ट्रिय चलचित्र दिवसको रूपमा मनाउने एवं नेपाल र भारत सरकारबीच हस्ताक्षर हुने 'कोअपरेशन इन द फिल्ड अफ हेल्थ एण्ड मेडिसिन' विषयक समझदारीपत्र स्वीकृत गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले बताए ।
मन्त्री गुरुङका अनुसार नेपाल र भारतबीच हस्ताक्षर हुने आयुर्वेद र परम्परागत चिकित्सा प्रणालीको क्षेत्रमा सहकार्य विषयक समझदारीपत्र स्वीकृत गर्ने, राष्ट्रिय पर्यटन नीति, २०८२ स्वीकृत गर्ने, खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवहरूको वैदेशिक भ्रमण स्वीकृत गर्ने सरकारका निर्णयहरू रहेका छन् ।रासस

# खानेपानी क्षेत्रको सुधारका लागि पारित भएको संकल्प प्रस्ताव कार्यान्वयन गर्न माग

**काठमाडौं ।**
खानेपानी तथा सरसफाई क्षेत्रको सुधारका लागि कर तथा विद्युत महशुलमा छुट र नेपालमै ब्लिचिङ पाउडर उद्योग खोल्न राष्ट्रिय सभाबाट संकल्प प्रस्ताव पारित भएको छ ।
सोमबार राजधानीको संवाद डबलीमा राष्ट्रिय साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपालले पत्रकार सम्मेलनको आयोजना गरी संकल्प प्रस्ताव पारित भएकोमा धन्यबाद दिदै सोको तत्काल कार्यान्वयन गर्न सरकारलाई आग्रहसमेत गरेको छ । महासंघका अध्यक्ष खेमराज वलीले नेपालको खानेपानी तथा सरसफाइको इतिहासमा संकल्प प्रस्ताव पहिलो पटक पारित भएकोमा उपभोक्ताहरुका लागि निकै सुखद विषय रहेको बताए ।
अध्यक्ष वलीले संकल्प प्रस्तावले सबै नागरिकलाई गुणस्तरीय तथा सुरक्षित खानेपानी सेवामा सहज पहुँच सुनिश्चित गर्ने विश्वास लिएको बताउँदै भने,'जनताको संवैधानिक अधिकारलाई कार्यान्वयन गर्न सरकारले छिटो भन्दा छिटो ठोस कदम चाल्नेमा महासंघ विश्वस्त छ, तर त्यस्तो नभएमा आन्दोलन गर्नसमेत पछि पर्ने छैनौं ।'
महासंघ सल्लाहकार इन्जिनियर चोक प्रसाद धितालले संकल्प प्रस्तावमा भएका प्राविधिक पक्षहरुको विष्लेशण गरी ती प्रस्तावहरुको कार्यान्वयनको लागि सम्बन्धित निकायहरुसँग अनुरोध गरे । २७ वर्ष राष्ट्रसेवक भएर खानेपानी र सरसफाइको क्षेत्रबाट नै सेवानिवृत्त भएका इन्जिनियर धितालले यो क्षेत्रको अझै सुधार गर्न जरुरी भएको बताए । अझै पनि ८० प्रतिशत जनताले सुरक्षित खानेपानी उपभोग गर्न नपाएकाले त्यसका लागि आवश्यक पूर्वाधार जरुरी रहेको जनाए ।
सुरक्षित खानेपानीको लागि आवश्यक पर्ने ब्लिचिङ पाउडर भारतबाट ल्याउनुपर्ने बाध्यता भएको र मूल्यमा समेत महँगो तथा सबैको पहँुचमा नभएकाले स्वदेशमै उत्पादन गर्नसकिने बताए ।
कोषाध्यक्ष नारायणी भटट्राई(रक्षा)ले खानेपानी र सरसफाई जनताको मौलिक अधिकार भएको विषयमा राष्ट्रिय सभाले गम्भिरता लिएकोमा हार्षित भएको बताइन् ।
भटट्राई जनताको मौलिक हकको रुपमा स्थापित सो विषयमा कर छुट, विद्युत महसुलमा सहुलियत, किफायती कर्जाको व्यवस्था र स्वदेशमै ब्लिचिङ पाउडर उत्पादन गर्ने सम्बन्धी संकल्प व्यवहारिकरुपमा लागु हुने आशा व्यक्त गरिन् ।
महासंघका कार्यसमिति सदस्य सञ्जीव श्रेष्ठले सुरक्षित खानेपानीका लागि एक घर एक धाराको अवधारणालाई सरकारले कार्यान्वयनमा जोड दिनुपर्ने बताए ।
कार्यालय प्रमुख अजय पराजुलीले संकल्प प्रस्ताव समय सापेक्ष र यथार्थपरक रहेको भन्दै यसलाई जतिसक्दो छिटो कार्यान्वयनमा ल्याउन आफूहरुले निरन्तर दबाबको दिने बताए ।

# विश्व समुदायलाई परराष्ट्रमन्त्रीको आह्वानः जलवायुजन्य जोखिम घटाउन बलियो सहकार्य आवश्यक छ

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले जलवायुजन्य जोखिमलाई कम गर्न यसबाट प्रभावित राष्ट्रहरूका बीचमा दरिलो सहकार्य आवश्यक रहेको बताएकी छन । इटालीको रोममा जारी राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनको ४४औँ महासभाअन्तर्गत सोमवार आयोजित अतिकम विकसित राष्ट्र तथा भूपरिवेष्ठित र साना टापू राष्ट्रहरूसँग सम्बन्धित उच्चस्तरीय सत्रलाई सम्बोधन गर्दै उनले जलवायुजन्य जोखिमलाई कम गर्ने योजनामा दरिलो सहकार्यका लागि अब ढिला गर्न नहुने बताईन ।
उनले भनिन, 'अतिकम विकसित, भूपरिवेष्ठित र साना टापू राष्ट्रहरू जलवायु परिवर्तनको ठूलो जोखिममा परिरहेका छन् । यसले ती देशमा कृषि उत्पादन र जिवीकोपार्जनमा समेत नराम्रोसँग असर गरिरहेको छ । आफ्ना एजेण्डामार्फत विश्वमा सहकार्य गर्न नेपालले हालै सगरमाथा संवाद सम्पन्न गरेको छ । आगामी दिनमा सबै राष्ट्रबीच साझा एजेण्डासहित सहकार्य जरुरी छ ।'




परराष्ट्रमन्त्री डा देउवाले हिमाली राष्ट्रहरूका लागि जलवायु अनुकूलन वित्तीय सहयोग, प्रारम्भिक चेतावनी प्रणाली र ग्रामीण पूर्वाधारहरूको विकास आवश्यक रहेकोमा पनि जोड दिए । जलवायुजन्य जोखिमसँग जुध्न सर्वसुलभ र समावेशी उपायसहित अन्तर्राष्ट्रिय लगानी र क्षमता विकासका काम अपरिहार्य रहेको उनले बताईन ।
मन्त्री डा राणाले भनिन, 'प्रविधि, सहकार्य र ऐक्यबद्धताले मात्र सम्भावना र उपलब्धि बीचको खाडललाई पुर्न सक्नेछ । नेपालले दक्षिण–दक्षिण र उत्तर–दक्षिण सहयोग प्रवद्र्धन, प्रविधि स्थानान्तरण, बजारमा विस्तार तथा वित्तीय स्रोतमा पहुँचका लागि सदैव आग्रह गर्दै आएको छ ।'
अहिले नेपालसहितका यी देशहरूले खाद्य असुरक्षा, कुपोषण, जलवायु परिवर्तनजस्ता साझा सङ्कटको सामना गरिरहेका र यसले प्राप्त उपलब्धिलाई पनि खतरामा पारिरहेको उनले बताए । मन्त्री डा राणाले नेपालले जलवायुजन्य विपद्, कमजोर पूर्वाधार, जैविक विविधताको क्षय, प्रविधि तथा वित्तमा सीमित पहुँचजस्ता बहुआयामिक चुनौतीको सामना गरिरहेको बताए ।
उनले एफएओद्वारा अघि सारिएको 'फोर बेटर' अर्थात् 'राम्रा चार' जस्तै राम्रो उत्पादन, राम्रो पोषण, राम्रो वातावरण र राम्रो जीवनले कृषि प्रणालीमा रुपान्तरणका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताईन । मन्त्री डा राणाले राम्रो उत्पादनअन्तर्गत नेपालले जलवायुमैत्री खेती प्रणाली, पहाडी क्षेत्रमा बढीमूल्यका बाली र स्थानीय नवीनता तथा कृषिमा आधुनिकीकरण गरिरहेको र राम्रो पोषण अन्तर्गत विशेष समुदाय लक्षित पोषिलो खाद्यान्न प्रवद्र्धन गरिरहेको बताईन ।
त्यसैगरी राम्रो वातावरणअन्तर्गत नेपालले पुनःप्रजनन कृषि, माटो तथा जल र जैविक विविधता संरक्षणमा प्राथमिकता दिएको र राम्रो जीवनतर्फ महिला, युवालगायत साना किसान तथा सीमान्तकृत समुदायलाई उद्यमशीलता, सामाजिक सुरक्षा, ग्रामीण पूर्वाधार र सेवामा पहुँच विस्तार गरेर जीविकोपार्जनमा सुधार ल्याएको मन्त्री डा राणाको भनाइ छ ।
मन्त्री डा राणाले कृषि क्षेत्रमा नेपालमा ६० प्रतिशतभन्दा बढी जनशक्ति संलग्न रहेको र राष्ट्रिय उत्पादनमा कृषिको २३ प्रतिशत योगदान रहेको उल्लेख गर्दै कृषि रोजगारीको माध्यम मात्र नभई पोषण र जीवनयापनको माध्यम भएको पनि बताईन ।रासस

# क्लब विश्वकपमा बायर्न म्युनिख र पिएसजी क्वार्टरफाइनलमा




**काठमाडौं ।**
क्लब विश्वकप २०२५ अन्तर्गत युरोपेली पावरहाउस बायर्न म्युनिख र फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । दुवै टोलीले प्रभावशाली प्रदर्शन गर्दै अन्तिम आठमा स्थान बनाएका हुन् ।
जर्मन क्लब बायर्न म्युनिखले ब्राजिलियन क्लब फ्लामेन्गोलाई ४–२ ले पराजित गर्दै क्वार्टरफाइनल यात्रा तय गरेनको हो । त्यस्तै, पिएसजीले अमेरिकी क्लब इन्टर मियामीमाथि एकतर्फी दबाब कायम राख्दै ४–० को सहज जित दर्ता गर्यो ।
बायर्न म्युनिखले खेलको सुरुवातदेखि नै दबाब बनाएको थियो। छैटौं मिनेटमै फ्लामेन्गोका एरिक पल्गरले आत्मघाती गोल गरेपछि बायर्नले अग्रता लियो। नवौं मिनेटमा ह्यारी केनले गोल गर्दै बायर्नको अग्रता २–० बनाए ।
फ्लामेन्गोका जेर्सनले ३३औं मिनेटमा गोल फर्काएर खेलमा फर्किने संकेत दिए पनि, बायर्नका लियोन गोरेत्स्काले ४१औं मिनेटमा तेस्रो गोल गर्दै पुनः दुई गोलको अग्रता दिलाए।
दोस्रो हाफमा फ्लामेन्गोका जोर्जिन्होले ५४औं मिनेटमा गोल गर्दै खेललाई ३–२ बनाए। तर, ह्यारी केनले ७३औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै बायर्नको ४–२ को जित पक्का गरे। पिएसजीले इन्टर मियामीविरुद्ध सुरुवातदेखि नै आक्रामक खेल प्रदर्शन गर्यो । छैटौं मिनेटमा जोआओ नेभ्सले गोल गर्दै अग्रता दिलाए। उनले ३९औं मिनेटमा दोस्रो गोल थप्दै पिएसजीलाई बलियो स्थितिमा पुर्याए।
४४औं मिनेटमा इन्टर मियामीका टोमास एभिल्सले आत्मघाती गोल गरे भने पहिलो हाफको अतिरिक्त समय (४५ प्लस ३ मिनेट) मा अचरफ हाकिमीले गोल गर्दै पिएसजीलाई ४–० को स्पष्ट अग्रता दिलाए ।
अब क्वार्टरफाइनलमा पिएसजी र बायर्न म्युनिख आमनेसामने हुनेछन्, जसले क्लब विश्वकपको सेमिफाइनल यात्रा तय गर्नेछ ।

# काठमाडौंका सामुदायिक विद्यालयमा एसईई नतिजा उत्साहजनक



**काठमाडौं ।**
काठमाडौं महानगरपालिका भित्रका सामुदायिक विद्यालयहरूबाट यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भएका विद्यार्थीहरूको नतिजा उल्लेखनीय रहेको छ । विशेष गरी ३.६१ देखि ४ जीपीए ल्याउने विद्यार्थीहरूको संख्या अघिल्लो वर्षको तुलनामा ४४.७७ प्रतिशतले वृद्धि भएको हो ।
शैक्षिक सत्र २०८१ को एसईईमा काठमाडौंका सामुदायिक विद्यालयबाट ७८९ जना विद्यार्थीले ३.६१ देखि ४ जीपीए बीचको नतिजा ल्याएका छन् । तीमध्ये १७ जनाले अधिकतम ४ जीपीए हासिल गरेका छन् । अघिल्लो वर्ष ५४५ जना मात्रले यो दायरा भित्रको जीपीए पाएका थिए । यस आधारमा यो वर्ष २४४ जना बढी विद्यार्थीले उच्च श्रेणीमा सफलता प्राप्त गरेका हुन् ।
काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार र विद्यार्थीको शैक्षिक क्षमतामा वृद्धि ल्याउने अभियानस्वरूप विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# सर्पले टोकेर एक जनाको मृत्यु

**कैलाली ।**
सर्पले टोक्दा कैलालीको गोदावरी नगरपालिका–१२ ओलानीका ४३ वर्षीय रामबहादुर बुढाको मृत्यु भएको छ । आफ्नै घर अगाडि काम गर्दैगर्दा उहाँको दाहिने खुट्टामा सर्पले टोकेपछि मृत्यु भएको जिल्ला प्रशासन कार्यालय कैलालीका प्रशासकीय अधिकृत एवं सूचना अधिकारी शिवराज जोशीले जानकारी दिए ।
सर्पले खुट्टामा टोकी घाइते भई उपचारका लागि सेती प्रादेशिक अस्पताल धनगढी लगिएको र उपचारका क्रममा बुढाको मृत्यु भएको जोशीले बताए ।
त्यसैगरी, धानको बीउ निकाल्ने क्रममा अचानक चट्याङ पर्न गई धनगढी उपमहानगरपालिका–१९ लल्लिपुरका एकजना आज घाइते भएका छन् । घाइते हुनेमा धनगढीको लल्लिपुर बस्ने गुलियादेवी चौधरी रहेको सूचना अधिकारी जोशीले बताए ।
चौधरी घरदेखि १०० मिटर टाढा खेतमा धानको बीउ निकाल्ने क्रममा अचानक चट्याङ पर्न गई उनको दाहिने खुट्टा, हात र ढाडमा चोट लागेर उपचारका लागि सेती प्रादेशिक अस्पताल धनगढी पठाइएको छ ।रासस

# कास्की पूर्णखोप सुनिश्चित जिल्ला घोषणा

**पोखरा ।**
गण्डकी प्रदेश सरकार अन्तर्गतको स्वास्थ्य निर्देशनालयले आयोजना गरेको 'कास्की जिल्ला पूर्णखोप सुनिश्चित तथा दिगोपन घोषणा कार्यक्रम' सोमबार सम्पन्न भएको छ ।
जिल्ला समन्वय समितिको सभा हलमा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेशका वास्थ्य तथा जनसंख्यामन्त्री कृष्णप्रसाद पोखरेल प्रमुख अतिथिको रूपमा सहभागी भएका थिए । कार्यक्रममा कास्की जिल्लाका सञ्चारकर्मी, अनलाइन, टिभी, एफएम तथा अन्य सञ्चार माध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# लागुऔषध तस्कर र ब्ल्याकमेलर धनुषा प्रहरीको फन्दामा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

धनुषा प्रहरीले दुई फरक आपराधिक घटनामा संलग्न दुईजना अभियुक्तलाई पक्राउ गरि सार्वजनिक गरेको छ । सोमबार आयोजित पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक नरहरी रेग्मीले लागुऔषधसहित पक्राउ परेका एक युवक र सामाजिक सञ्जालमार्फत ब्ल्याकमेल गरी रकम असुल्ने अभियुक्तबारे जानकारी दिएका हुन् । प्रहरीका अनुसार भारतको जयनगरबाट नेपाल प्रवेश गरिरहेका सिरहा कल्याणपुर नगरपालिका–४ का २० वर्षीय कृष्ण ठाकुरलाई जनकनन्दनी गाउँपालिका–१ स्थित ईनर्वा कमला बाँध सडक खण्डमा नियमित चेकजाँचको क्रममा पक्राउ



गरिएको हो । मोटरसाइकलमा सवार तीन जनामध्ये एकजना भाग्न खोजेपछि शंका लागेर चेकजाँच गर्दा ठाकुरको साथबाट प्लास्टिकको पोका खोल्दा ४९.५९ ग्राम लागुऔषध (खैरो हेरोइन) फेला परेको थियो । त्यस्तै, धनुषाको औरही गाउँपालिका–५ निवासी ३६ वर्षीय हनिफ नदाफलाई सामाजिक सञ्जालमार्फत ठगी, ब्ल्याकमेल र मानसिक यातना दिएको अभियोगमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरी अनुसन्धान अनुसार नदाफले एक महिलासँग दुई वर्षदेखि इमो एपमार्फत फोटो र भिडियो आदानप्रदान गर्दै आएर ती सामग्री प्रयोग गरी ब्ल्याकमेल गर्दै पाँच लाख रुपैयाँ असुली गरेका थिए । नदाफले पीडित महिलालाई शारीरिक तथा मानसिक रूपमा समेत यातना दिएको आरोप छ । उनलाई धनुषा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ ।

धनुषा प्रहरीले सामाजिक सञ्जालमार्फत बढ्दो साइबर अपराध र सीमावर्ती क्षेत्रमा लागुऔषध ओसारपसारमा संलग्न व्यक्तिहरूमाथि निगरानी कडा बनाएको जनाएको छ ।

# राजर्षि जनक विश्वविद्यालयको भवन निर्माण प्रक्रिया अगाडि बढाउन काँग्रेसको माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



राजर्षि जनक विश्वविद्यालयको भवन निर्माण प्रक्रिया तत्काल अघि बढाउन माग गर्दै नेपाली काँग्रेस धनुषाका सभापति योगेन्द्र पंजियारको नेतृत्वमा एक प्रतिनिधिमण्डलले विश्वविद्यालयका उपकुलपतिलाई भेटी औपचारिक स्मरणपत्र बुझाएको छ । उपकुलपतिले स्मरणपत्र ग्रहण गर्दै विश्वविद्यालय भवन निर्माण प्रक्रिया राजनीतिक दबाबका कारण अघि नबढेको स्वीकार गरेका छन् । उनका अनुसार प्राविधिक र प्रशासनिक सबै प्रक्रिया पूरा भइसकेको भए पनि राजनीतिक हस्तक्षेपकै कारण निर्माण कार्य रोकिएको छ । यद्यपि, उनले दबाब कुन नेताबाट आएको हो भन्ने खुलासा गर्न चाहेनन् । उनले भने, 'हामीमाथि सकारात्मक दबाब आवश्यक छ । यस्तो दबाबले हामीलाई बल दिन्छ । अहिले विश्वविद्यालयका सबै भौतिक संरचना भाडा र लिजमा सञ्चालनमा छन् । यो दीर्घकालीन समाधान होइन । सबैको चाहना आफ्नै भवन होस् भन्ने हो ।' वि.सं. २०५३ सालमा नेता विमलेन्द्र निधिले यो विश्वविद्यालयको अवधारणा अघि सारेका थिए । त्यसबेला तत्कालीन जिल्ला विकास समिति सभापति राम सरोज यादवको अध्यक्षतामा परिषद् बैठकमार्फत निर्णयसमेत पारित गरिएको थियो । त्यस निर्णयअनुसार धनुषाका सबै गाविसले १ लाख र महोत्तरीका सबै स्थानीय निकायले ५० हजार रुपैयाँ सहयोग गरेका थिए ।

हाल विश्वविद्यालयलाई नगराइन नगरपालिका–४ स्थित मणियारी चौरीमा करिब १३ बिघा जग्गा प्रदान गरिएको छ । तर, तीन दशक बितिसक्दा पनि भवन निर्माण हुन नसक्नुले स्थानीय जनतामा निराशा फैलिएको छ ।

प्रतिनिधिमण्डलले शिक्षा जस्तो पवित्र क्षेत्र राजनीतिक विवादको चपेटामा पर्दै गएकोप्रति आपत्ति जनाउँदै विश्वविद्यालय प्रशासन तथा प्रदेश सरकारलाई छिटोभन्दा छिटो निर्माण कार्य अघि बढाउन आग्रह गरेका छन् । साथै, स्थानीय जनभावनाको सम्मान गर्दै विश्वविद्यालयको दीर्घकालीन स्थायित्वका लागि आवश्यक निर्णय लिन समेत स्मरणपत्रमार्फत जोड दिइएको छ । प्रतिनिधिमण्डलमा पूर्व प्रदेशमन्त्री तथा सांसद रामसरोज यादव, जनकपुरधामका मेयर मनोज कुमार साह, नगराइन नगरपालिकाका मेयर विनय यादव, काँग्रेस युवा नेता राम पल्टन साह, प्रवेश चौधरी, क्षेत्रीय सभापति छेदी राउत र रामचन्द्र पंजियार, पूर्व उपमेयर, वडा अध्यक्षहरू, महिला नेतृ निलम कर्ण, अनिता श्रीवास्तव, प्रजातन्त्र सेनानी संघका प्रमोद कुमार श्रीवास्तव, विद्यार्थी नेता सुजित यादवलगायतको उपस्थिति रहेको थियो ।

# संघीय निजामती ऐनविरुद्ध रौतहटमा आजपाको प्रदर्शन

**मधेशदृष्टि**
**रौतहट ।**

संघीय निजामती ऐनको विरोधमा प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) ले सोमबार रौतहटको गरुडा बजारमा विरोध प्रदर्शन गर्दै ऐनको प्रतिलिपि जलाएको छ । सरकारद्वारा हालै प्रतिनिधिसभाबाट पारित गरिएको ऐन गरिब तथा विपन्न कर्मचारीहरूको हितविपरीत रहेको भन्दै आजपाले आन्दोलनको मार्ग रोजेको हो । रौतहटको गरुडास्थित मेथुर चौधरी चोकमा आयोजित विरोध कार्यक्रममा आजपाका



केन्द्रीय सदस्य रविन्द्र यादवको अगुवाइमा नेता–कार्यकर्ताहरूले संघीय निजामती ऐनको प्रतिलिपि जलाउँदै सांकेतिक विरोध जनाए । त्यसक्रममा यादवले कोणसभालाई सम्बोधन गर्दै भने, 'सरकारले गरिब कर्मचारीको भविष्यसँग खेलवाड गर्न ल्याएको विधेयक कुनै हालतमा स्वीकार्य छैन ।' उनले सरकारलाई चेतावनी दिँदै भने, 'यदि विधेयक तत्काल सच्याइएन वा खारेज गरिएन भने आजपाले अझ कडा आन्दोलनको तयारी गर्नेछ ।' आजपाका नेताहरूले संघीय राजधानी काठमाडौंसहित देशका विभिन्न ठाउँमा पनि सो विधेयक जलाउँदै विरोध प्रदर्शन जारी राखेका छन् । पार्टी अध्यक्ष प्रभु साहले संसदको रोष्टममै विधेयक च्यातेपछि यसको चौतर्फी विरोध तीव्र बनेको हो । आजपाको दाबी अनुसार यो विधेयक कर्मचारी वर्गमाथिको अन्यायपूर्ण निर्णय हो । यसले विशेषतः तल्लो तहका, गरिब र ग्रामीण पृष्ठभूमिबाट आएका निजामती सेवाका कर्मचारीहरूको अधिकार कुण्ठित गर्छ । प्रदर्शनमा स्थानीय कार्यकर्ता, नेता तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो । आजपाले संघीय निजामती ऐन खारेज नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएको छ ।

# जनमतको पालो सकियो
## अब लोसपाको नेतृत्व हुनुपर्छः उपेन्द्र महतो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



मधेश प्रदेश सरकारको नेतृत्व फेरिनुपर्ने माग चुलिँदै गएको छ । सत्तारुढ दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले गठबन्धनको पूर्वसहमति अनुसार अब सरकारको नेतृत्व आफूहरूले पाउनुपर्ने दाबी गर्दै नेपाली कांग्रेसको मागसँगै दबाब दोब्बर बनाएको छ । लोसपा नेपालका केन्द्रीय महासचिव तथा प्रदेशसभा सदस्य उपेन्द्र महतोले 'जनमत पार्टीको पालो सकिएको' दाबी गर्दै अब लोसपाको पालो भएको बताएका छन् । 'एक वर्षपछि नेतृत्व हस्तान्तरण गर्ने सहमतिअनुसार नै हामी सरकारमा सहभागी भएका थियौं,' भन्दै उनले वर्तमान सरकारको नेतृत्व जनमत पार्टीले लम्ब्याउन खोजेको आरोप लगाए । महतोका अनुसार हालको सरकार बेतिथिपूर्ण कामको सर्जक बनेको छ । सत्तारूढ जनमत पार्टी समन्वयहीन ढंगले सरकार चलाइरहेको छ । 'यो केवल राजनीतिक बेइमानी हो,' भन्दै उनले सत्ता हस्तान्तरणको ढिलाइलाई लोकतान्त्रिक अभ्यासको उपहाससमेत भनेका छन् । प्रदेश सरकारको नेतृत्व नेपालमै संघीय गठबन्धन प्रणालीअन्तर्गत पालैपालो हुने सहमतिको सम्झना गराउँदै उनले नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले समेत जनमतपछि लोसपालाई सत्ता सुम्पिने वाचा गरेको दाबी गरे । यसैबीच, सत्ता साझेदार नेपाली कांग्रेसले पनि मुख्यमन्त्री सतिश कुमार सिंह नेतृत्वको सरकारप्रति असन्तुष्टि जनाएको छ । प्रदेश कांग्रेस सभापति कृष्णप्रसाद यादवले बजेटमा भएको त्रुटिको नैतिक जिम्मेवारी मुख्यमन्त्रीले लिनुपर्ने बताएका छन् । 'बजेट निर्माणमा मुख्यमन्त्रीको प्रत्यक्ष संलग्नता रहेको अवस्थामा दोष अर्थमन्त्रीमाथि थोपर्नु सत्तालोलुपताको संकेत हो,' उनले भने । कांग्रेसको आरोपअनुसार जनमत पार्टीले बजेटलाई लिएर कांग्रेसमाथि लगाइरहेको आरोप सत्ता जोगाउने नाटकमात्र हो । लोसपा नेपालले छिटोभन्दा छिटो सत्ता हस्तान्तरणको प्रक्रिया थाल्न उच्च राजनीतिक तहमा संवाद हुने बताउँदै प्रदेशको राजनीतिक अस्थिरता अन्त्य गर्न आग्रह गरेको छ । सत्ता गठबन्धनभित्रैबाट उठेका असन्तुष्टि र विघटनको संकेतले मधेश प्रदेशको राजनीतिक स्थिरतामाथि थप प्रश्न उठाएको छ ।


## घरेलु हिंसा दण्डनीय अपराध हो ।

**घरेलु सम्बन्ध भएको परिवारका एक सदस्यले सोहि परिवारको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक हिंसालाई घरेलु हिंसा भन्दछन् ।**

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्दछ ।
- यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ ।
- घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ ।
- यसका साथै घरेलु हिंसाका पीडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्छ हुन्छ भने जिल्ला अदालतबाट निशुल्क वकिलको पनि व्यवस्था गरिएको छ ।



नेपालको कानुनले निम्न ४ प्रकारको घरेलु हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।

१) शारीरिक यातनाः कुटपिट गर्ने गैर कानुनी रूपमा थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य पर्दछ ।

२) मानसिक यातना : डरधाक देखाउने वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने गाली गलौज गर्ने झुठा कुरा लगाउने, घरबाट निकाला गर्ने वैचारिक धार्मिक, सांस्कृतिक, प्रथा परम्पराका आधारमा भेदभाव गर्ने रूपरंग शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक संतुलन गुमाउने वा आत्महत्या गर्न दुरूत्साहन दिने वा आत्माहत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले वा मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेत जनाउँछ ।

३) यौनजन्य यातना : महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य भनेकाले यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू महिलामाथि हुने यौनजन्य यातना हुन् ।

४) आर्थिक यातना : महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचविखन गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुचँ नहुनु जस्ता कार्य पर्दछन् । आर्थिक यातना शब्दले महिलाको हकमा दाईजो माग गर्ने दाईजो ल्याउन दवाव दिने वा दाईजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

सहयोगका लागि उजुरि गर्ने निकायहरू :
- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग :
- स्थानीय निकाय
- नगरपालिका/गाउँपालिका (उपमेयर/उपप्रमुख), वडा कार्यालय,

समस्या परेमा सहजै खबर गर्न सकिने नम्बरहरू
- लैङ्गिक हिंसा हेल्पलाइन (राष्ट्रिय महिला आयोग) :११४५
- प्रहरी कार्यालय : १००
- बाल हेल्पलाइन (बालबालिकामाथि हुने हिंसाका लागि) : १०९८

**जनहितमा जारी सन्देश**
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम**



"आजको आवश्यक्ता प्राविधिक शिक्षा"
"सीप सिकौं आत्मनिर्भर बनौं"
"सीपयुक्त जनता, समृद्ध नेपाल"

## एसइई उर्तिण गरेका
**विद्यार्थीका लागि सुनौलो अवसर**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेश कार्यालय अर्न्तगत संचालित आङ्गिक, साझेदारी र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) तथा निजी स्तरमा संचालित विद्यालय/शिक्षालयहरूमा यही शैक्षिक सत्र २०८२-०८३ मा बिभिन्न कार्यक्रममा अध्ययन गरी सुनौलो भविष्यको निर्माण गरौं ।

हाम्रा कार्यक्रमहरू :

३ वर्षे Diploma मा

- Agriculture (कृषि) तर्फ
  - Plant Science
  - Animal Science
  - Food And Dairy
- Forestry (वन)
- Hospitality
  - Hotel Management
- Engineering (इन्जिनियरिङ) तर्फ
  - Civil
  - Computer
  - Electrical
  - Electrical And Electronics
  - Geomatics
  - Information Technology
  - Mechanical
- Health (स्वास्थ्य) तर्फ
  - General Medicine
  - Pharmacy
  - Nursing
  - Medical Lab Technology
  - Midwifery
  - Diagnostic Radiography
  - Ophthalmic Science
  - General Ayurveda Medicine
  - Dental Science
  - Physiotherapy
  - Yog And Naturopathy

Pre-Diploma 18 महिने

Agriculture (कृषि) तर्फ
- Plant Science
- livestock production/ Animal Health
- Veterinary Science

-Engineering (इन्जिनियरिङ) तर्फ
- Civil
- Computer
- Electrical
- Mechanical
- Survey

NG लागेका विद्यार्थीहरू समेत प्रि-डिप्लोमा तहको कार्यक्रममा सहभागी हुन सक्नेछन ।

- Apprenticeship Model (औद्योगिक) तर्फ २४ महिने
  - Civil Building Construction
  - Early Childhood Development
  - Electrical Engineering
  - Mechanical Engineering
  - Information Technology

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT)**
**मधेश प्रदेश कार्यालय**
जनकपुरधाम, धनुषा


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन